
# लेखापरीक्षण प्रतिवेदन

# मध्यनेपाल नगरपालिका, लमजुङ

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## मध्यनेपाल नगरपालिका, लमजुङ

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं


प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/505

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री नगर प्रमुख
मध्यनेपाल नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
लमजुङ्ग।

**कैफियतसहितको राय**

हामीले मध्यनेपाल नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं। हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्रासी र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू. १४ करोड ३४ लाख ३८ हजार, एकीकृत स्वास्थ्य कार्यक्रममा रु १ करोड ४० लाख, अन्य कार्यक्रममा रु ३७ लाख ५० हजार समेत गरी रू १६ करोड ११ लाख ८८ हजार समावेश गरेको छैन।

२ पालिकाको रु १ अर्ब ४० करोड २ लाख ३९ हजारको लेखापरीक्षण गरिएकोमा रू ३ करोड ३५ लाख ७९ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु २ लाख ३४ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु रु ३ करोड ३३ लाख ४५ हजार मध्ये असुल गर्नुपर्ने रू १५ लाख १३ हजार , प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ३६ लाख ८८ हजार, नियमित गर्नुपर्ने रु.८१ लाख ४४ हजार रहेको छ।गत वर्षसम्म रु.१५ करोड ९० लाख २१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १९ करोड ११ लाख ८१ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३ पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन ।यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, पालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(राजेन्द्र राज ओझा)

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६३ | २२५ | ३३५७९८४३ | ० | २१ | २३४१७४ | ० | ६३ | २०४ | ३३३४५६६९ | १५१३४९१ | ८१४३९२१ | २३६८८२५७ | ० | ० | ३१८३२१७८ | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| लमजुङ | १५९०२१००० | ० | ११८५६२५ | १५७८३५३७५ | ० | ३३३४५६६९ | १९११८१०४४ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | दफा | बेरुजुको शीर्षक | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ५० | बांग्रे हेलपोस्ट | २००००.० |
| २ | २०८०/८१ | ८४ | निकासा फिर्ता | ९९६४४.० |
| ३ | २०८०/८१ | ७९ | दैनिक भ्रमण भत्ताको अवधिमा वैठकमा उपस्थिति: | २०००.० |
| ४ | २०८०/८१ | ७८ | छात्रवृत्ति रकम: | ४६०००.० |
| ५ | २०८०/८१ | ६८ | घटि करकट्टी | ६३९८०.० |
| ६ | २०८०/८१ | ८० | कार्यालय समयमा वैठक बसी भत्ता भुक्तानी: | २५५०.० |
| ७ | २०७७/७८ | ८४ | जस्तापाता खरिदमा वढी भुक्तानी | ११८५६२५.० |

# (८०४३७४०२३०० - मध्यनेपाल नगरपालिका, लमजुङ)

## परिचय

१ **(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकाम १० वडा रहेको छ भने क्षेत्रफल ११३ वर्ग किलोमिटर तथा २१९७१ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५।२७ देखि २०८१ ।६। १ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारतर्फ जम्मा रु १,४०,०२,३९,१३८। ९० लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १८,६७,८६०।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
| --- | --- | --- |
| १ | विद्यालय २ कोठे भवन निर्माणको लागि निकासा भएको रकम २ आव सम्म भवन निर्माणमा खर्च नभएकोले लेखापरिक्षणको क्रममा बेरुजु खातामा दाखिला भएको | १८००००० |
| २ | वैठक भत्ता र दैनिक भ्रमण भत्ताको असुली | ६७८६० |
|  | जम्मा | १८६७८६० |

## ३ वित्तीय विवरण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७० निम्न बमोजिम रहेको छः

| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ११९०१३९४२.८४ | ० | ११९०१३९४२.८४ | ६८४५०४११.९२ | ० | ६८४५०४११.९२ |
| १३००० | अनुदान | | ४०५११३१०९.१३ | ० | ४०५११३१०९.१३ | ४५९४७०३८९.५७ | ० | ४५९४७०३८९.५७ |
| १४००० | अन्य राजस्व | | १३२१११७८.४९ | ० | १३२१११७८.४९ | १२६५७८३९. | ० | १२६५७८३९. |
| १५००० | विविध प्राप्ति | | १०६३५१७.६ | ० | १०६३५१७.६ | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | | ५३८४०१७४८.०६ | | ५३८४०१७४८.०६ | ५४०५७८६४०.४९ | | ५४०५७८६४०.४९ |
| ३ | चालु | | ३९६२७१४४२.८ | ० | ३९६२७१४४२.८ | ४०६७६६८२१.०६ | ० | ४०६७६६८२१.०६ |
| २१००० | पारिश्रमिक / सुविधा | | २८२०१३०७२.०६ | ० | २८२०१३०७२.०६ | २५३१६७४०३.३८ | ० | २५३१६७४०३.३८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १०८५४३९५२.७४ | ० | १०८५४३९५२.७४ | १५०९९७७१२.६८ | ० | १५०९९७७१२.६८ |
| २७००० | सामाजिक सुरक्षा | | ३६४३५४६. | ० | ३६४३५४६. | ० | ० | ० |
| २८००० | अन्य खर्च | | २०७०८७२. | ० | २०७०८७२. | २६०१७०५. | ० | २६०१७०५. |
| ४ | पूंजीगत | | १३१५०२९९७. | ० | १३१५०२९९७. | १४२३२६९१९. | ० | १४२३२६९१९. |
| ३१११० | भवन तथा संरचना | | ० | ० | ० | १४५०८२८. | ० | १४५०८२८. |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | | ५८८९४७५. | ० | ५८८९४७५. | १४६७४०३२. | ० | १४६७४०३२. |
| ३११३० | अन्य पूँजीगत खर्च | | १९७६१६४. | ० | १९७६१६४. | ३६१४२५७. | ० | ३६१४२५७. |
| ३११४० | सुरक्षा उपकरण | | ४८३५७८. | ० | ४८३५७८. | ० | ० | ० |
| ३११५० | सार्वजनिक निर्माण | | ११६६७४९००. | ० | ११६६७४९००. | ११९४६२१४४. | ० | ११९४६२१४४. |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ० | ० | ० | १९९६७९. | ० | १९९६७९. |
| ३११७० | पूँजीगत सुधार खर्च | | ६४७८८८०. | ० | ६४७८८८०. | २९२५९७९. | ० | २९२५९७९. |
| ५ | वित्तीय | | ० | ० | ० | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | | ५२७७७४४३९.८ | | ५२७७७४४३९.८ | ५४९०९३७४०.०६ | | ५४९०९३७४०.०६ |
| ग) | बचत /कमी (ग = क-ख ) | | १०६२७३०८.२६ | | १०६२७३०८.२६ | -८५११५०९९.५७ | | -८५११५०९९.५७ |
| घ) | धरौटी आकस्मिक | | १६९७५२६.५६ | | १६९७५२६.५६ | ११११४४०९.२१ | | ११११४४०९.२१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | | | | | | |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | | | -२३,५४३.०० | | -२३,५४३.०० |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | १२३२४८३४.८२ | | १२३२४८३४.८२ | २५९९३०९.६४ | | २५९९३०९.६४ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ७४०००६४५.३५ | | ७४०००६४५.३५ | ७१४०१३३५.७१ | | ७१४०१३३५.७१ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ८६३२५४८०.१७ | | ८६३२५४८०.१७ | ७४०००६४५.३५ | | ७४०००६४५.३५ |

नगरपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:

| **सि.नं.** | **खर्च शीर्षक** | **बजेट** | **निकासा खर्च** |
|---|---|---|---|
| 1. | सामाजिक सुरक्षा तथा संरक्षण | १४३६००६०८ | १४३४३८३१० |
| 2. | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २९६०००० | २८९०००० |
| 3. | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | ८९०००० | ८९०००० |
| ४ | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १४६३४००० | १४०००१८१ |
| जम्मा | | १६२०८४६०८ | १६११८८९४६ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

४ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१४,३४,३८,३१०, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१,४०,००,१८१, र अन्य रु.३७५०४५५ समेत गरी रु १६११८८९४६ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा

पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

५ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्:

बजेट व्यवस्थापनतर्फ

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको,स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको.

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार नगरेको,

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको ।

भ्रमण खर्च व्यवस्थापनतर्फ

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको ।

खरिद व्यवस्थापन तर्फ

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नगरेको,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख राख्ने नगरेको,

शिक्षातर्फ

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन,

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन नभएको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई

आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको ।

विविधतर्फ

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. नगरेको,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखे नराखेको,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको ।

• निजी स्वामित्वमा रहेको जग्गामा सामुदायिक भवन, पार्किङ स्थल, निर्माण/स्तरोन्नतिमा नियन्त्रण नगरेको।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. १९६० पुँजीगत खातामा रु. ६५४३०२ समेत रु.६५६२६२ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

७ **बैङ्क हिसाब विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. |
|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ७३०६५७८४ | ७३०६५७८४ |
| चालु खर्च खाता | ० | ० |
| पुँजीगत खर्च खाता | ४६४४५८ | ४६४४५८ |
| विविध खर्च खाता | ० | ० |
| विपद व्यवस्थापन खाता | ० | ० |
| स्थानीय विभाज्य कोष | ० | ० |
| कर्मचारी कल्याण कोष खाता | | |
| धरौटी | १०६८९६५६ | १०६८९६५६ |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० |
| बैङ्क | | |
| जम्मा | | |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

८ **फरक जिम्मेवारी**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ३ मा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको रकम प्रदेश लेखा नियन्त्रकले तोकिदिए बमोजिम हुने व्यवस्था रहेको छ तथा सोही अनुसार पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ९४७८८९६२ मौज्दात रहेकोमा यो वर्ष रु.७४०००६४५ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. २०७८८३०८ घटी जिम्मेवारी सारेकाले सोको हिसाब मिलान गरी प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०७,८८,३०८ |

९ **कार्य सञ्चालन तथा अन्य कोष**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचलान गर्दा विनियोजन वजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने व्यहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष कर्मचारी कल्याण कोष, विविध खर्च खाता जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु ११ लाख सहित यस वर्ष विनियोजन भएको १७९९०६७ गरी जम्मा रु २१ लाख मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरापना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक वाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

| कोषको नाम | कोष गठन भएको कानुन | शुरु मौज्दात | यो वर्ष थप | यो वर्षको खर्च | बाँकी |
|---|---|---|---|---|---|
| कर्मचारी कल्याण कोष | नभएको | ११०००००० | १०००००० | ० | २१०००००० |
| विविध खर्च खाता | | | ७९९०६७ | ७९९०६७ | ० |
| | जम्मा | | | ७९९०६७ | २१०००००० |

१० **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १३१२९१ | ४१४४ | ११५५५ | १६७६६ | ९८८२६ | ६३८४७ |
| प्रतिशत | | ३.१५ | ८.८० | १२.७७ | ७५.२७ | ४८.६३ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १३१२९१००० निकासा भएकोमा प्रथम त्रैमासिकमा ३.१५ प्रतिशत , दोस्रो त्रैमासिकमा ८.८० प्रतिशत, तेस्रो त्रैमासिकमा १२.७७ प्रतिशत र चौथो त्रैमासिकमा ७५.२७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र ४८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

११ **खर्च बिश्लेषण**

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु ३२४५५०३४ तथा राजस्व बाँडफाँड र अनुदानबाट रु ५०५९४६७१३ गरी जम्मा रु ५३८४०१७४७ आम्दानी भएकोमा चालु तर्फ रु ३९,६२,७१,४४२ र पूँजिगत तर्फ रु १३,१२,९१,८९७ गरी जम्मा रु

५२,७५,६३,३३९ खर्च गरेको छ । कूल खर्च मध्ये आन्तरिक आयको हिस्सा ६.१५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु १,३०,६८,७५१ खर्च भएको छ जुन आन्तरिक आयको ४०.२६ प्रतिशत रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७८.३ प्रतिशत चालु र २६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

**१२ बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

**१३ न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो वर्ष थप भएको २५ गरी कुल २७ विवाद दर्ता भएकोमा २५ वटा मात्र फर्स्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

**१४ जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले तयार गरेको जिन्सी निरीक्षण प्रतिवेदन परीक्षण गर्दा लिलाम विक्री गर्नुपर्ने नभएको तथा मोटरसाइकल २ थान, ल्यापटप २ थान, डेक्सटप कम्प्यूटर २ थान मर्मत गनुपर्ने उल्लेख भएकोमा लेखापरीक्षण अवधिसम्म मर्मत नभएकाले तोकिएको समयमा मर्मत कार्य गर्नुतर्फ ध्यान दिनुपर्दछ ।

**१५ आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

**१६ ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध

हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१७ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

१८ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१९ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।०३।०९ मा रु ६६ करोड ८७ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।९मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

२० **बजेट अवण्डा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.३० लाख अबण्डा बजेट व्यवस्था गरी १५ योजनामा रु. १० लाख ६८ हजार आठ सय खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र सं | योजनाको नाम | बजेट / खर्च |
|---|---|---|
| ३२।२०८०।१०।७ | धार्जो खोला र साइली खोला संरक्षण | १४४२८७ |
| ८५।२०८१।१।९ | धर्को आँप दोभान मोटर बाटो | १७२७२० |
| १२६।२०८१।१।२३ | ढल्ले आँप बाट थरपु नाला तथा बाटो | १४३४६६ |
| ३५१।२०८१।३।२४ | वडा न ३ सिरोटो चौचारा देखि चर्दीखोला सम्म मोटर बाटो निर्माण | ९७००० |

२१ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

२२ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार १० वडाको लागि ३४० वडागत र पालिकास्तरका १४५ गरी कूल ४८५ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १४५ | २१ | २८ | ५८ |
| २. | वडास्तरीय | ३४० | ० | ४० | ३०० |
| | | ४८५ | | | |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ४७६ योजनामात्र कार्यान्वयन भई ९ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२३ **लक्ष्य प्रगति**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, पालिका स्तरका योजनाको प्रगति निम्न रहेको छ । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्न तर्फ प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ४६४ | ९ | ० | १ | ३ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार कूल ४६४ योजना कार्यान्वयन गर्दा ९ वटा योजनामा बजेट विनियोजन गरी शुन्य खर्च गरेको तथा १ वटा योजनामा ५० प्रतिशतसम्म खर्च गरेको तथा ३ वटा योजनामा ७५ प्रतिशतसम्म खर्च गरेको देखिन्छ । पालिकाले कार्यान्वयन गर्ने अधिकांश योजना ७५ प्रतिशत भन्दा वढी खर्च हुने गरेको भएतापनि पालिकाले वजेट विनियोजन भएका सम्पुर्ण योजना कार्यान्वयन गर्ने तर्फ ध्यान दिनुपर्दछ

२४ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १३१२९१८९७ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ

। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२५ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रकम भुक्तानी दिएको पाईयो ।यस्ता खर्चमा मितव्ययिता कायम गरिनुपर्दछ ।केही उदाहरणः

| क्र सं | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| २६७।२०८०।३।७ | करापु स्वास्थ्य चौकी | चौकी व्यवस्थापन तथा समान खरिद | १०००० |
| | जम्मा | | |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२६ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये मा सबैभन्दा बढी सामाजिक विकास को शत प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ६१.६ प्रतिशत रहेको छ ।तसर्थ, पालिकाले पूर्वाधार विकास तथा वातावरण संरक्षण तथा सुशासनको क्षेत्रमा लगानी वृद्धि गर्दै जानुपर्दछ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३४१००००० | १७६५८२४४ | ३.३४ |
| २ | पूर्वाधार विकास | १४१८५०००० | १००४७५७४१ | १९ |
| ३ | सामाजिक विकास | ३७०१५४७०० | ३३११६१७८८ | ६२ |
| ४ | बातावरण तथा विकास | ४३२३८६८ | ४३२३६८६ | ०.८१ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४१००००० | २५२६४७७ | ०.४७ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ११४२३०००० | ७१४१७२२० | १३.५३ |
| जम्मा | | | ५२७५६३१५६ | १०० |

२७ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा रु १२ लाख विनियोजन गरी गत वर्षको भुक्तानी दिन बाँकी रकम रु. १००४१०२ भुक्तानी दिएको छ। तसर्थ, क्रमागत योजनको भुक्तानी बाँकी प्रमाणित गरी अन्य खर्चलाई सोही आर्थिक वर्षमा भुक्तानी दिने तर्फ ध्यान दिनुपर्दछ ।

२८ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ५०००००० | २६२८८८७ | ५२।५ |
| घरजग्गा वहाल कर | ८००००० | १४४६०४७ | १८० |
| व्यवसाय कर | ० | १६५०० | |
| वहाल विरौटी शुल्क | ० | ४५०० | |
| सिफारिस दस्तुर | २०००००० | २०९८०९४ | १०४ |
| नक्सापास दस्तुर | ६५०००० | ५६१७०८ | ८६।४ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

२९ **राजश्व वाँडफाँड**

स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | ४०९०९६२ | १६३६३८४ | १६३३१८४ | ३२०० |
| | | | असुल गर्नुपर्ने | ३,२०० |

३० **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १६५०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३१ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु १८०००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. १५६७८००० अर्थात अनुमान भन्दा ८७।१ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३२ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४९५३९२७८५ | १८१३५७७७ | ३.६६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.६६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३३ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ ।

३४ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३५ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका कर्मचारीहरुको र पालिकाका तर्फका कर्मचारीहरुको तलव भत्ता भुक्तानी गरेको छ।तलबी प्रतिवेदन पारित नगरी तलव भत्ता भुक्तानी गर्दा कर्मचारीको ग्रेड एकिन गर्न सकिएन। खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

३६ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३६ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी प्रतिवेदन तयार गरेको पाइएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३७ **म्याद ननाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ ।गत वर्षको पेश्की बाँकी रु ६०६४४६२ रहेकोमा यस वर्ष रु ४८४३९४३ फस्यौट भई बाँकी रु १२२०६१९ रहेको । यस वर्ष नयाँ पेश्की बाँकी नरहेको । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

३८ **दररेट भन्दा बढी भुक्तानी** (४७-२०८०-११-१४):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने उल्लेख छ। ठाँडो स्वारा खानेपानी सिढी निर्माण कार्य उपभोक्ता समितिबाट गराएकोमा जिल्ला दररेट अनुसार प्रति बोरा सिमेन्ट रू.७३०।– रहेकोमा उपभोक्ताले खरिद गरेको बिलमा प्रति बोरा रू.५५८।– को दरले उपलब्ध गराएको देखिन्छ । दर विश्लेषणमा प्रति बोरा रू.८३०।– को दरले ४७ बोराको उपभोक्ता समितिले पेस गरेको बिजक भन्दा बढी दरमा प्राविधिक मूल्याङ्कन गरी रू.१२,७८४।– भुक्तानी भएको सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | १२,७८४ |
|---|---|

## ३९ निर्माण व्यवसायी कोष कट्टी

निर्माण व्यवसायी नियमावली, २०५५ को नियम १४ मा ऐनको दफा १७ को उपदफा २ को खण्ड (ख) को प्रयोजनको लागि निर्माण व्यवसायीले स्वीकृत ठेक्का अङ्कको ०.१० प्रतिशतका दरले हुन आउने रकम कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले हनुमान कन्स्ट्रक्सनलाई रनिङ बिल रू.१,४०,००,१८१।- रकम भुक्तानी गर्दा नियमानुसार कट्टी गर्नुपर्ने निर्माण व्यवसायी कोष रकम रू.१२,३९०।- कट्टी नगरेको असुल गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | १२,३९० |
|---|---|

## ४० अन्य निकायको खर्च

नेपाल सरकार मातहतका सवै निकायहरुको आवश्यक कार्यक्रमका लागि आबश्यक बजेट व्यबस्था गरेको हुन्छ । जुन रकम नपुग भएमा तालुक निकायसँग नै माग गर्नु पर्दछ ।तर पालिकाले देहायको भौचरबाट आफ्नै बजेट विनियोजन भएको निकायको कार्य प्रयोजनको लागि भुक्तानी गरेको देखियो। पालिकाले अन्य निकायबाट संचालन भएको कार्यक्रमको खर्च भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| भौ.नं./मिति | नाम | वापत | भुक्तानी रकम |
|---|---|---|---|
| ३६।२०८०।१०।२२ | धर्म गुठी लमजुङ | १०० थान कुर्सी १५ थान टेबुल | ९८२५० |
| ६१०।२०८१।३।२२ | मंगला मा. वि . | रेडक्रस कार्यक्रम खर्च | १००००० |
| ५९१।२०८१।३।२० | जिल्ला अस्पताल | खाजा खर्च | १८००० |
| ६०१।२०८१।३।२१ | लमजुङ उद्योग वाणिज्य संघ | कर शिविर सञ्चालन | २०००० |
| ४८३।२०८१।३।४ | कृषि क्याम्पस | क्यालेण्डर छपाई | २५००० |
| ४५४।२०८१।२।२९ | राष्ट्रिय लोक भजन चुड्का संरक्षण प्रतिष्ठान | भजन प्रतियोगितामा सहभागी हुन जान | २५००० |
| ४१८।२०८१।२।२५ | जिल्ला प्रहरी कार्यालय | क्यान्टिन निर्माण सहयोग | १९१७२३ |
| | | जम्मा | ४७७९७३ |

## ४१ वितरणमुखी पुँजीगत खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने विषयहरुलाई प्राथमिकता दिई योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने उल्लेख छ।यस पालिकाले वार्षिक बजेटबाट विभिन्न समूहहरुको भवन स्तरोन्नति लगायतका अनुत्पादक र वितरणमुखी कार्यमा बजेट विनियोजन गरी खर्च गरेको छ। यस किसिमका खर्चबाट आर्थिक विकासमा टेवा पुग्ने देखिदैन। पालिकाले यस्तो खर्च नियन्त्रण गरी सार्वजनिक स्रोत साधनको उपयोग गर्दा गुणात्मक प्रतिफल आउने क्रियाकलापहरुमा खर्च गर्नुपर्दछ। केही उदाहरणः

| भौ.नं./मिति | संस्थाको नाम | भुक्तानी रकम |
|---|---|---|
| ४३।२०८०।११।८ | मगर समान भवन स्तरोन्नति | १८५३४२ |
| ४९।२०८०।११।१५ | नेवा खल समाज भवन तथा सडक स्तरोन्नति | १७७५११ |
| ५९।२०८०।१२।५ | शिला आमा समूह भवन तला थप | २८६२६१ |
| ६८।२०८०।१२।१३ | सिम्ले गाउँ आमा समूह भवन मर्मत | १८४६४३ |
| ८३।२०८१।१।९ | डढुवा दुछा भोर्लेटार तमू समाज तला थप | १९०८२९ |
| ११९।२०८१।१।२१ | देउराली आमा समूह भवन निर्माण स्तरोन्नति वडा नं. ९ | १८९४३५ |
| १७८।२०८१।२।१४ | मेलमिलाप आमा समूह भवन निर्माण | २८२३४८ |
| | जम्मा | १४९६३६९ |

४२ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था सम्बन्धित प्राविधिकको सिफारिश गराई पालिकाबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन्:

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|
| ७८।२०८०।१२।२५ | मध्यमार्ग भुषालडिही साहुडिही हस्पिटल जोड्ने मार्ग मर्मत उपभोक्ता समिति | नयाँ ट्र्याक निर्माण | एक्साभेटर | ९४३१० |
| ८७।२०८१।१।९ | बेत्थानी खेल मैदान | वेतनी खेल मैदान वडा नं. ८ | एक्साभेटर | १८६४६६ |
| १००।२०८१।१।१६ | युवा क्लब खेल मैदान वडा नं. | खेल मैदान | एक्साभेटर | १८९३६४ |
| १०१।२०८१।१।१८ | देउराली पार्क जाने मोटरबाटो | मोटरबाटो | एक्साभेटर | २८७००४ |
| १०८।२०८१।१।१८ | कमरेपानी हुँदै थपुवा खानेपानी टङ्कीसम्म जाने मोटरबाटो निर्माण | मोटरबाटो | एक्साभेटर | १९०३५८ |
| १२१।२०८१।१।२१ | घिमिरे भञ्ज्याङ जुगे पानी सडक | सडक निर्माण | एक्साभेटर | ३४०६३१ |
| | | | जम्मा | १२८८१३३ |

नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

४३ **नन्फाइलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.१,६५,०९०।- समेत रु.१४,३५,०२७।- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन प्रमाण पेस हुनुपर्ने रु.

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|
| १३।२०८०।७।२१ | पि. एस . कन्स्ट्रक्सन | ६०६७७१०२७ | ६२२४० | ७१६० | २०८०।M ।२ |
| २७।२०८०।९।१६ | | | २३४९९४ | २७०३४ | |
| ५१।२०८०।११।१५ | गण्डकी ह्यूम पाइप उद्योग प्रा. लि . | ३००७०१७२० | ८०००० | ९२०३ | २०८०।M ।१० |
| ७८।२०८०।१२।२५ | पि. एस . लमजुङ कन्स्ट्रक्सन | ६०६७७१०२७ | ६०००३ | ६९०३ | २०८०।M ।२ |
| २१८।२०८१।२।२७ | | | ९९७७९० | ११४७९० | |
| | | जम्मा | १४३५०२७ | १६५०९० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६५,०९० |

४४ **खरिद भन्दा बढी दरमा भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले रकम भुक्तानी लिन पेस गरेको बिल भरपाई तथा कार्यबिलको परीक्षण गर्दा खरिद गरेको सिमेन्ट, इट्टा, पाइपको विजकमा उल्लेख गरेको दरभन्दा बढी दर राखी भुक्तानी दिएकोले रू.४,३१,८२४।- असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रू.

| भौ न।मिति | कार्यक्रम/योजना | सामग्री | परिमाण/ इकाई | भुक्तानी दर (जिल्ला दर) | भुक्तानी हुनुपर्ने (विजक दर) | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ६।२०८१।३।२४ | मंगला उच्च मा. वि . निर्माण | सिमेन्ट | १०५८ बोरा | ७३० | ५९५ | १४२८३० |
| ३१।२०८०।१०।४ | मिलनटोल धारे ढुङ्गा पैदल मार्ग | सिमेन्ट | ५१ बोरा | ७३० | ५७५ | ७९०५ |
| ४३।२०८०।११।८ | मगर समाज भवन स्तरोन्नति | सिमेन्ट | ३९ बोरा | ७३० | ५७५ | ६०४५ |
| ४९।२०८०।११।१५ | नेवा खल समाज भवन तथा सडक स्तरोन्नति | सिमेन्ट | ३० बोरा | ७३० | ५३० | ६००० |
| ५४।२०८०।११।२४ | सुसमाचारिपल चर्च भवन निर्माण | सिमेन्ट | ६४ बोरा | ७३० | ५५८ | ११००८ |
| ६८।२०८०।१२।१३ | सिम्ले गाउँ आमा समूह भवन मर्मत | सिमेन्ट | ४९ बोरा | ७३० | ५३० | ९८०० |
| ७१।२०८०।१२।१३ | विद्यालय शौचालय निर्माण | सिमेन्ट | ८४ बोरा | ७३० | ५७५ | १३०२० |
| ७२।२०८०।१२।१३ | ओम शान्ति भवन निर्माण | सिमेन्ट | १०० बोरा | ७३० | ५५३ | १७७०० |
| ७५।२०८०।१२।१४ | चनौटे कालिमाटी मोटरबाटो | सिमेन्ट | १०४ बोरा | ७३० | ५७५ | १६१२० |
| ८३।२०८१।१।९ | डढुवा दुछा भोर्लेटार तमू समाज तला थप | सिमेन्ट | ३९ बोरा | ७३० | ५६० | ६६३० |
| ८६।२०८१।१।९ | वजिया खर्क पार्क वडा नं. ५ | सिमेन्ट | ४६ बोरा | ७३० | ५४० | ८७४० |
| ८८।२०८१।१।९ | वनपाले ठकुरी गाउँ पैदल मार्ग वडा नं. ६ | सिमेन्ट | ५० बोरा | ७३० | ५६० | ८५०० |
| ८९।२०८१।१।९ | सिम्ले गाउँदेखि लहरे पिपल मोटरबाटो | सिमेन्ट | १२६ बोरा | ७३० | ५४० | २३९४० |
| २०३।२०८१।१।१० | धारापानी खेत संरक्षण ४ | तारजाली | १७६ व. मी . | २६५ | २३९ | ४५८८ |
| ११४।२०८१।१।२० | साइराम मन्दिर निर्माण वडा ४ | सिमेन्ट | ३६ बोरा | ७३० | ५५३ | ६३७२ |
| ११७।२०८१।१।२१ | थानसीङ गोरेटो बाटो निर्माण | सिमेन्ट | ८२ बोरा | ७३० | ५६० | १३९४० |
| १३१।२०८१।१।२४ | विश्वकर्मा समाज घर निर्माण वडा नं. ७ | सिमेन्ट | ५७ बोरा | ७३० | ५७५ | ८८३५ |
| १७५।२०८१।२।१४ | भोर्लेटार बाङ्ग्रेबेसी हाडीखोला सडक स्तरोन्नति | सिमेन्ट | ४१० बोरा | ७३० | ६६० | २८७०० |
| | | डण्डी | २६६४ के. जी . | १०० | ८५ | ३९९६० |
| २४९।२०८१।३।५ | वाग्ले फाँट टोल विकास संस्था | सिमेन्ट | २५ बोरा | ७३० | ५७५ | ३८७५ |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५१।२०८१।३।५ | नेटा दलित बस्ती शौचालय निर्माण | सिमेन्ट | ४५ बोरा | ७३० | ६५३ | २९८३ |
| २७९।२०८१।३।१२ | जन्मस्थान पक्की नाला निर्माण | सिमेन्ट | ६१ बोरा | ७३० | ५९५ | ८२३५ |
| २८४।२०८१।३।१३ | रम्घा रिङरोड मर्मत/ स्तरोन्नति | डण्डी | २३१७ केजी | १०० | ९४ | ९२६८ |
| | | सिमेन्ट | ३३८ बोरा | ७३० | ६८० | १६९०० |
| २८५।२०८१।३।१४ | कल्पना चौर कल्याण मा. वि . जाने मोटरबाटो | सिमेन्ट | २४९ बोरा | ७३० | ६९० | ९९३० |
| | | | | | जम्मा | ४३१८२४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,३१,८२४ |

४५ **अनुपातिक कट्टी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले व्यहोर्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असुल हुनुपर्ने रु.

| भौ.नं.।मिति | कार्य/योजना | उपभोक्ताले व्यहोर्ने % | कार्यसम्पन्न प्रतिवेदन | दिनुपर्ने रकम | दिएको रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| २१।२०८०।८।१० | ज्यामिरे खोला मोटरबाटो नयाँ ट्र्याक | २० | ११०५२९ | ८८४२३ | ९३९७२ | ५५४९ |
| २७।२०८०।९।१६ | नाग भैरव मर्मत उ.स. सडक चौडा | २० | ३२९०६३ | २६३२५० | २७६६२७ | १३३७७ |
| ३२।१०८०।१०।७ | धार्जेखोला तथा साइली खोला संरक्षण समिति ७ | २० | १६०७६२ | १२८६०९ | १३६८१६ | ८२०७ |
| ७०।२०८०।१२।१३ | कुते कुलो निर्माण वडा नं. २ | १५ | २१६०११ | १८३६०९ | १८९७०२ | ६०९३ |
| २०३।२०८१।१।१० | धारापानी खेत संरक्षण ४ | १० | २०३०५५ | १८२७४९ | १८९८७१ | ७१२२ |
| १०१।२०८१।१।१८ | देउराली पार्क जाने मोटरबाटो | २० | ३४०६०८ | २७२४८६ | २८७००४ | १४५१८ |
| १०३।२०८१।१।१८ | सालडाँडा देवी मन्दिर निर्माण | १० | १००००० | ९०००० | ९५००० | ५००० |
| १०७।२०८१।१।१८ | पिस्ती खोला चामे डाँडा हुँदै वडा कार्यालय मोटरबाटो निर्माण | २० | ३४६८८१ | २७७५०४ | २८५५२४ | ८०२० |
| ११९।२०८१।१।२१ | देउराली आमा समूह भवन निर्माण स्तरोन्नति वडा नं. ९ | १० | २०४९६२ | १८४४६५ | १८९४३५ | ४९७० |
| १२१।२०८१।१।२१ | घिमिरे भञ्ज्याङ जुगेपानी सडक | २० | ३४६६३१ | २७७३०४ | २८१२८१ | ३९७७ |
| २०३।२०८१।१।२३ | वैराठ पानी घट्ट मोटरबाटो | २० | ९९१४३ | ७९३१४ | ८५७२८ | ६४१४ |
| १६१।२०८१।२।१३ | देउराली आमा समूह कृषि उपज संकलन केन्द्र | | २०३९३८ | १८३५४४ | १९०७१६ | ७१७२ |
| १७८।२०८१।२।१४ | मेलमिलाप आमा समूह भवन निर्माण | १० | ३०८०३४ | २७७२३० | २८२३४८ | ५११८ |
| २५२।२०८१।३।५ | दोपहरे सिलिङे डाँडा हुँदै न्यौपाने बस्ती सडक | २० | ८८९९६ | ७११९६ | ७६६३८ | ५४४२ |
| २६२।२०८१।३।६ | साना सडक मर्मत | १५ | २१६२०० | १८३७८७ | १९१४१९ | ७६३२ |
| ६७६।२०८१।३।२४ | समी भञ्ज्यङ स्वास्थ्य चौकी व्यवस्थापन | १० | १००९७० | ९०८७३ | ९४६०७ | ३७३४ |
| | | जम्मा | ३३७५७८३ | २८३४३४३ | २९४६६८८ | ११२३४५ |
| | | | | | असुल गर्नुपर्ने | १,१२,३४५ |

४६ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

४७ **निर्माण सम्पन्न हुन बाँकी योजना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले देहायअनुसार रु. १६०२७०५४० का तीन योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । निर्माण सम्पन्न नगरी अधुरो रहेको कारण एकातर्फ सोको उपयोग हुन सकेको छैन भने अर्कोतर्फ कतिपय त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । यस सम्बन्धमा निर्माण व्यवसायीलाई जिम्मेवार बनाई यथाशिघ्र सम्पन्न गराउने वा कानुन बमोजिम कारवाही गर्न पालिकाको गम्भिर ध्यानाकर्षण हुनुपर्दछ ।

| ठेक्का नं | निर्माण व्यसायीको नाम | सम्झौता रकम | सम्झौता मिति | पटक पटक म्याद थप | कैफियत |
|---|---|---|---|---|---|
| १०।०७७।०७८ | १५ शैया अस्पताल ( हनुमान कन्सक्ट्रन) | १२०७४६५५६ | २०७८।२।२५ | २ पटक | ८६ प्रतिशत भौतिक प्रगति |
| ०८।०७८।०७९ | सोतीपशल पाण्डेगाँउ सडक(CAB kusum j v) | १६९८२२७७ | २०७८।१०।२३ | नभएको | ९० प्रतिशत कार्य सम्पन्न |
| ०१।०७८।०७९ | चर्दी खोला मोटरेवल पुल ( KCB prasad J V) | २२५४१७०७ | २०७८।१०।२२ | २ पटक | ८२ प्रतिशत कार्य सम्पन्न |

४८ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ ।यस वर्ष ठेक्का लागेका योजनाको लागत अनुमान भन्दा ८ देखि ३५ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाले स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | रम्घा न्यू रोड सडक | १।०८०।०८१ | शुभा शुभम कन्स्ट्रक्सन | ९९९९३६९ | ६४२७३७० | ३५.७२ |
| २ | मादी नदी नियन्त्रण | २।०८०।०८१ | विकास निर्माण सेवा | ४८५४२७१ | ४४६४३४५ | ८.०३ |
| ३ | भोर्लोटार बांग्रेनेटा मालिकास्थान सडक | ३।०८०।०८१ | जि.एम.आर आरस्भिन इन्फ्रा | ४२३२७४५५ | २९१७५६५२ | ३१.०७ |

४९ **प्रशासकीय भवन**

पालिका तथा निर्माण व्यवसायी आरोग्य सुवेदी जे भी बीच मिति २०८०।२।२३ गते भित्र पालिकाको प्रशासकीय भवन निर्माण गर्ने मिति २०७७।८।२५ मा ४,२९,३६,५७८ मा सम्झौता भएकोमा पहिलो भेरियसले ७.९ प्रतिशत रकम वृद्धि गरी रु ४,५८,६४,८६२ कायम गरेको देखिन्छ ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः

४९.१ नगरपालिकाको खरिद नियमावलीको नियम १२९ मा म्याद थपको व्यवस्था गरेको छ ।पालिकाले भवन निर्माण गर्ने निर्माण व्यवसायीलाई दुई पटक म्याद थप गरिदिएकोमा मिति २०८१।३।१५ सम्म म्याद कायम रहेको देखिन्छ । निर्माण व्यवसायीले सातौ रनिङ्ग विल भौचर नं २४०।२०८१।३।४ गते ८५ प्रतिशत भौतिक प्रगति भएको भनी रु ६९०४४०२ भुक्तानी लगेको देखिन्छ ।यसरी हेर्दा म्याद समाप्त भए पछि नियम अनुसार म्याद थप गरेको देखिदैन र भवनको कार्य आर्थिक वर्ष अन्त्यसम्म कार्य वाँकी रहेको अवस्थामा म्याद थप गरी भवन सम्पन्न गर्ने तर्फ पालिकाको गम्भिर ध्यानाकर्षण हुनुपर्दछ । पालिकासँग छलफल हुँदा निर्माण व्यवसायीले आर्थिक वर्ष पछि कार्य सम्पन्न गरेको र कार्य स्वीकार गरेको तथा भुक्तानी दिन वाँकी रहेको अवस्थामा म्याद थपको कार्य प्रकृयामा रहेको जानकारी गराएको ।

४९.२ नगरपालिका खरिद नियमावलीको नियम १२७ मा खरिद सम्झौता गर्दा अनुमान गर्न नसकिने कार्य कार्यान्वयन क्रममा आइपरेमा पाँच प्रतिशत माथिको भेरिएसन आदेश नगर प्रमुखले भेरियसन आदेश जारी गर्ने सक्ने व्यवस्था छ । पालिकाले प्रशासकीय भवन निर्माण गर्दा शुरु खरिद सम्झौतामा ७.९ प्रतिशत थप गरि भेरियसन गरी कार्य गरेको देखिन्छ । नियमावलीको व्यवस्था अनुसार अधिकार प्राप्त अधिकारीले कारण पुस्ट्याई सहितको राय पेश गरी भेरियसन आदेश जारी गर्नुपर्नेमा सो नगरी नगर प्रमुखको निर्णयको आधारमा भेरियसनको कार्य भएको देखिन्छ ।भेरियसन भएका आइटमको विवरण निम्न रहेका छनः

| आइटम | दर | BOQ परिमाण | भेरियस भएको परिमाण | फरक | प्रतिशत | रकम |
|---|---|---|---|---|---|---|
| सरिया | १०० | ८८५८१ के जी | ६८००० | २०५८१ | २३.२३ | २०५८१०० |
| प्लाष्टर १.४ | ३५० | १८१९ ब मी | ५९२ | १२२७ | ३२ | ४२९४५० |
| प्लाष्टर १.६ | ३५० | २३०६ ब मी | १३९२ | ९१४ | ६० | ३१९९०० |
| रङ्ग रोगन | १५० | ४३३७ ब मी | ५०१६ | ६७९ | ११५ | १०१८५० |
| मोजाइक फ्लोरिङ्ग | २५०० | ४५६ घ मी | ० | ४५६ | ० | ११४०००० |
| मार्वल | २२०० | १०७ घ मी | ४७९ | ३७२ | ४४७ | ८१८४०० |

यसरी सरियामा शुरु अनुमान ८८५८१ के जी अनुमान गरिएकोमा २०५८१ के जी घटाइनु तथा मोजाइक फ्लोरिङ्ग मा ४५६ घ मी अनुमान गरिएकोमा कुनै पनि कार्य नगरिनु तथा मार्वल कार्यमा ३७२ प्रतिशत वृद्धि गरिनुको प्रविधिक पुष्ट्याई सहित प्रतिवेदन पेश गरी नियमावली अनुसार स्वीकृत भएको देखिएन । पालिकाले नियमावलीको पालना गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

५० **बांग्रे हेलपोस्ट**

पालिका तथा शुभा शुभम कन्स्ट्रसन एण्ड सप्लायर्स बीच मिति २०८०।२।२३ गते रु १३९७५५५१ मा वर्थिङ्ग सेन्टर सहित हेलपोष्ट निर्माण गर्ने सम्झौता भएको ।सो कार्य गर्ने मिति २०८१।८।२२ गते सम्म निर्माण सम्पन्न गर्नुपर्ने सम्झौता गरिएको ।यसमा देखिएका व्यहारा निम्न छनः

५०.१ निर्माण व्यवसायीले यस वर्ष अन्तिम विल पेश गरी कार्य स्वीकार प्रतिवेदन तयार गरिएकोमा निर्माण व्यवसायीलाई हालसम्म १२७६०१८७ भुक्तानी भएकोमा रु ७००००० भुक्तानी बाँकी रहेको देखिन्छ । निर्माण कार्य अन्तिम नापजाँच गरेपश्चात कार्यालयले निर्माण व्यवसायीलाई भुक्तानी समयमै दिनुपर्दछ ।

५०.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५०.३ Provisional sum मा विमाको रु ११५६२८ दावी गरेकोमा रु ९९५५७ को विजक पेश गरेकोमा वाँकी रकमको विजक पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,००० |

५१ **रम्घा चत्रपथ सडक**

प्रदेश समपुरक तर्फ पालिका तथा निर्माण व्यवसायी शुभा शुभम कन्स्ट्रक्सन एण्ड सप्लायर्स बीच मिति २०८१।३।१५ भित्र सडक कालोपत्रे गर्ने कार्यको लागि रु ९९९९३६६ लागत अनमान स्वीकृत गरी मू अ कर तथा पि एस सहित रु ६४२७३७० मा निर्माण सम्झौता भएको देखिन्छ ।यस सम्बन्धि देखिएको व्यहोरा निम्न छनः

- निर्माण व्यवसायीले मानिस, सामग्री तथा उपकरणको पूर्ण विमा गराउनुपर्दछ ।पालिकाले सम्झौता गर्दा GCC 13 मा सम्झौता रकमको १५ प्रतिशत मात्रै कभर हुने गरी सम्झौता गरेको देखिन्छ । यसरी विमा गर्दा All condition policy मा विमा गर्नुतर्फ पालिकाको ध्यान जानुपर्दछ।
- पालिकाले अन्तिम नापी गरी रु ६२६४५८१ को कार्य स्वीकार गरेको जनाएको छ । पालिकाले मिति २०८१।३।१७ गते गण्डकी प्रदेश आर्थिक मामिला मन्त्रालयसंग समपुरक अनुदानको अपुग रकम माग गर्न पत्राचार गरी रकम प्राप्ति गरेकोमा ल्याव टेष्टको कार्य नभएकाले कार्य सम्पन्न प्रतिवेदन जारी हुन नसकेको पालिकाको भनाई रहेको छ । यसले गर्दा गत वर्ष भुक्तानी हुनुपर्ने रकम रु १७३३९५२ भुक्तानी दिन वाँकी रहेकाले पालिकालाई थप व्यय भार पर्ने देखिन्छ ।पालिकाले कार्यसम्पन्न भएको कार्यको यथाशीघ्र नापजाँच गराई प्रविधिक विलको आधारमा रकम भुक्तानी गर्नुपर्दछ ।
- सडक विभागले जारी गरेको सडक तथा पुल निर्माण कार्यको स्टण्डर्ड स्पेशिफिकेशन २०७३ को पेज नं २१६ को टेवल नं १३.१०मा रिसिलिङ्ग र प्यचिङ्ग गरिने पुरानो विटुमिनस सडकमा प्रति बर्ग मिटर ०.४०देखि ०.६० लिटर र नया सडकमा प्राइम कोट गरिएको क्षेत्रफलमाप्रतिवर्ग मिटर ०.५० देखि ०.६० लिटर ट्याककोट लाग्ने छ। पालिकाले दर विश्लेषण गर्दा ०.५ लिटर प्रति घन मिटर ट्याक कोट लाग्ने गरी गरेकोमा निम्न रनिङ्ग विलबाट ट्याक कोट वढी भुक्तानी गरेकाले सम्बन्धित निर्माण व्यवसायीबाट असुल उपर गर्नुपर्ने रु

| रनिङ्ग विल | दर | भएको परिमाण | दिनुपर्ने | दिएको | फरक | रकम |
|---|---|---|---|---|---|---|
| दोस्रो | १२० | ४८० | ४०० | ४८० | ८० | ९६०० |
| तेस्रो | १२० | २०४० | १०२० | २०४० | १०२० | १२२४०० |
| | | | | | जम्मा | १३२००० |
| | | | | | मू.अ कर | १७१६० |
| | | | | | कुल जम्मा | १४९१६० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४९,१६० |

५२ **मादी पुल रामबजार कालोपत्रे सडक (ठेक्का नं ५।०७८।०७९)**

पालिका तथा निर्माण व्यवसायी CAB/kusum j v बीच मिति २०८०।११।२५ गते सम्म सडक कालोपत्रे कार्य गर्ने भेरियसन पछि रु २,५४,२१,४५६ मा मिति २०७८।११।२६ मा निर्माण सम्पन्न गरेको देखिन्छ।पालिकाले गत वर्ष सम्म रु १,९८,९६,४५३ भुक्तानी दिएकोमा यस वर्ष पाँचौ छौठो तथा अन्तिम विलबाट रु २६५२४११ गरी कूल रकम रु २,२६७३४५३ भुक्तानी गरेको देखिन्छ । यस सम्बन्धि देखिएका व्यहारा निम्न छनः

५२.१ छौटौ रनिङ्ग विल बाट भौचर नं ८१।२०८०।१२।२७ बाट रु ८७९२०० भुक्तानी भएकोमा निर्माण व्यवसायीले ८७ प्रतिशत कार्य गरेको नापजाँज गरी पालिकाले कार्य सम्पन्न प्रतिवेदन जारी गरेको ।यसरी पूर्ण कार्य नहुँदै निर्माण सम्पन्न प्रतिवेदन जारी भएकोमा कार्यालयको कुनै प्रतिकृया प्राप्त नभएको।

५२.२ नगरपालिका खरिद नियमावलीको नियम १२७ मा खरिद सम्झौता गर्दा अनुमान गर्न नसकिने कार्य कार्यान्वियन क्रममा आइपरेमा पाँच प्रतिशत माथिको भेरिएसन आदेश नगर प्रमुखले भेरियसन आदेश जारी गर्ने सक्ने व्यवस्था छ । पालिकाले सुरु सम्झौता रकम रु २८०६४१२८ बाट भेरियसन गरी नयाँ रकम रु २५४२१४५६ कायम रहेको देखिन्छ । सडक कालोपत्रे कार्यमा निम्न आइटमा परिवर्तन भएकोमा अधिकार प्राप्त अधिकारीले भेरियसन आदेश जारी गरी कार्य गरेको देखिएन । यसरी तोकिएको वि ओ क्यू अनुसार कार्य नगरी सो कार्यमा प्राविधिक पुष्टयाँई सहित भेरियसन आदेश जारी नगरी घटी कार्यको कार्य स्वीकार प्रतिवेदन जारी गरेको नियमसँगत देखिँदैन । पालिकाले यसरी भेरिएसन आदेश विना कार्य गरेकाले सोकार्यलाई नियमित गर्नुपर्ने रु

| कार्य | दर | BOQ परिमाण | सम्पन्न परिमाण | फरक | रकम |
|---|---|---|---|---|---|
| Prime coat | 115 | 15250 | 8667 | 6583 | 757045 |
| Track coat | 100 | 12200 | 8672 | 3528 | 352800 |
| Premix carpet | 12000 | 244 | 173 | 71 | 852000 |
| | | | | | 1961845 |

| | |
|---|---|
| अनियमित भएको | १९,६१,८४५ |

५३ **सोतीपसल पाण्डेगाँउ जिताकोट सडक स्तरोन्नती**

पालिका तथा निर्माण व्यवसायी CAB।kusam जे भी बीच मिति २०८१।२।२५ सम्म सडक स्तरोन्नती कार्य गर्न रु १६९८२२७७ मा मिति २०७८।११।२६ गते निर्माण सम्झौता गरेको देखिन्छ ।यस सम्बन्धि देखिएको व्यहोरा निम्न छनः

५३.१

निर्माण व्यवसायीले तेस्रो रनिङ्ग विजक रु ६७८७७९७ पेश गरेकोमा पालिकाले भौचर नं ३५९।२०८०।३।२४ बाट ६८,१२,७९७ भुक्तानी गरेको हुँदा वढी भुक्तानी भएको रकम असुलउपर गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,००० |

५३.२ नगरपालिका खरिद नियमावली २०७८ को नियम १२९ मा खरिद सम्झौताको अवधि सकिएको खण्डमा कारण सहित निवेदन पेश गरेको खण्डमा कार्यालय प्रमुखले म्याद थप गर्नुपर्ने व्यवस्था रहेको छ ।निर्माण व्यवसायीले नियमावलीको व्यवस्था अनुसार शुरु म्याद सकिन ७ दिन भित्र म्याद थपको निवेदन पेश गरिसक्नुपर्नेमा निर्माण व्यवसायीले अन्तिम म्याद मिति २०८१।२।२५ रहेकोमा नियमावली अनुसार २०८१।२।१८ गते भित्र म्याद थपको निवेदन पेश गरेको देखिएन। पालिकाले नियमानुसार म्याद थप विना भौचर नं ३५९।२०८१।२।२४ बाट ९० प्रतिशत भौतिक प्रगति भएको नापी गरी रु ६८१२७९८ भुक्तानी गरेको देखिन्छ ।यसरी लेखापरीक्षण अवधिसम्म पनि म्याद थप गरिएको देखिएन। पालिकासँग यस विषयमा छलफल हुँदा यस आर्थिक बर्षमा निर्माण सम्पन्न भैसकेको तथा रकम अभावको कारण अन्तिम नापी नभएको जानकारी प्राप्त भएको छ । तसर्थ, पालिकाले यथाशिघ्र नापी गरी वाँकी भुक्तानी गर्नु तर्फ ध्यान दिनुपर्दछ ।

५३.३ सडक विभागले जारी गरेको सडक तथा पुल निर्माण कार्यको स्टयाण्डर्ड स्पेशिफिकेशन २०७३ को पेज नं २१६ को टेवल नं १३.१० मा रिसिलिङ्ग र प्यचिङ्ग गरिने पुरानो विटुमिनस सडकमा प्रति बर्ग मिटर ०.४०देखि ०.६० लिटर र नया सडकमा प्राइम कोट गरिएको क्षेत्रफलमाप्रतिवर्ग मिटर ०.५० देखि ०.६० लिटर ट्याककोट लाग्ने छ। पालिकाले निम्न कार्यमा मापदण्ड भन्दा वढी भुक्तानी गरेकाले असुलउपर गर्नुपर्ने रु

| रनिङ्ग विल | दर | भएको परिमाण | दिनुपर्ने | दिएको | फरक | रकम |
|---|---|---|---|---|---|---|
| तेस्रो | ८० | ६८०० | ३४०० | ६८०० | ३४०० | २७२००० |
| | | | | | जम्मा | २७२००० |
| | | | | | मूअकर | ३५३६० |
| | | | | | कूल जम्मा | ३०७३६० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,०७,३६० |

५४ **चर्दिखोला मोटरेवल पुल(ठेक्का नं १।२०७८।०७९)**

पालिका तथा निर्माण व्यवसायी के.सि.वि प्रसाद जे भी बीच मति २०८०।३।१३ गते भित्र पुल निर्माण कार्य सम्पन्न गर्न रु २२५४१७७६ मा मिति २०७८।१०।२२ मा खरिद सम्झौता गरेको देखिन्छ ।पालिकाले गत वर्षसम्म रु ११७९७६७० तथा यस वर्ष पाँचौ, छौठो तथा सातौ रनिङ्ग विलबाट रु ४९६५९५९ गरी कुल रु १६७६३६२९ भुक्तानी गरेको देखिन्छ। यसमा देखिएका व्यहोरा निम्न छनः

- निर्माण व्यवसायीले मानिस, सामग्री तथा उपकरणको पूर्ण विमा गराउनुपर्दछ ।पालिकाले सम्झौता गर्दा GCC 13 मा सम्झौता रकमको १५ प्रतिशत मात्रै कभर हुने गरी सम्झौता गरेको देखिन्छ । यसरी विमा गर्दा All condition policy विमा गर्नुतर्फ पालिकाको ध्यान जानुपर्दछ।
- नगरपालिका खरिद नियमावली २०७८ को नियम १२९ मा खरिद सम्झौताको अवधि सकिएको खण्डमा कारण सहित निवेदन पेश गरेको खण्डमा कार्यालय प्रमुखले म्याद थप गर्नुपर्ने व्यवस्था रहेको छ ।खरिद सम्झौतामा शुरु अवधि २०८०।३।१३ गते समाप्त हुने मा पहिलो पटक म्याद थप गरी मिति २०८०।१२।२१ गतेसम्म कायम गरिएको थियो । नियमअनुसार निर्माण व्यवसायीले २०८०।११।२१ गते भित्र निवेदन पेश गरी म्याद थप गर्नुपर्ने हुन्छ । पालिकाले निर्माण व्यवसायीलाई २०८१।३।

१५ गतेसम्म कार्यपालिकाको निर्णयको आधारमा म्याद थप गरेको देखियो। प्राविधिक मूल्याङ्कन अनुसार सातौ रनिङ्ग विल सम्म जम्मा ८२ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ । पालिकाले पाँचौ, छौठो तथा सातौ रनिङ्ग विल बाट रु ४९६५९५९ भुक्तानी गरेको समेत देखिन्छ । यसरी नियमावली अनुसार कारण सहित म्याद थपको निवेदन परेको खण्डमा कार्यालय प्रमुखले म्याद थप गर्नुपर्नेमा कार्यपालिकाको निर्णयको आधामा म्याद थप गरेको देखिन्छ । अतः नियमावलीमा उल्लेख भएको प्रकृया अनुसार रितपूर्वक म्याद थप भएको नदेखिएकाले पालिकाले नियमावलीको प्रकृया पुरा गरी म्याद थप गरी समयमै निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

**५५ टुक्रा खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा एक आपूर्तिकर्ताबाट एक आर्थिक वर्षमा १० लाख रुपैया सम्मको मालसमान सोझै खरिद गर्न सकिने व्यवस्था छ । उपनियम १ मा यसरी खरिद गर्दा एक आर्थिक वर्षमा एउटै फर्म तथा व्यक्तिवाट सो सिमा भन्दा बढी खरिद गर्न नसकिने तथा न्यूनतम तीन जना सँग कोटेशन माग गरी खरिद गर्नुपर्ने उल्लेख छ । यदि सो भन्दा बढी भएमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम सिलबन्दी दरभाउपत्र तथा दफा ३१ बमोजिम खुल्ला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा पालिकाले यो वर्ष पुँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको छ। टुक्रा-टुक्रा गरी खरिद गर्दा प्रतिस्पर्धा न्यून भएको कारणले सरकारी व्ययभार बढेको अवस्था छ। यस सम्बन्धमा यर्थाथता यकिन गरी यसरी टुक्रे खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

| गो भौ नं / मिति | कामको विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| ८५।२०८०।०९।०५ | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन स्टेशनरी खरिद | श्रीकृष्ण स्टेशनरी एण्ड सप्लायर्स | ४२२५८५ |
| १०६।२०८०।०९।२५ | स्टेशनरी खरिद | शुभकामना सप्लायर्स | ९९४७३९ |
| १७०।२०८०।११।१४ | स्टेशनरी खरिद | शुभकामना सप्लायर्स | ३०००१५ |
| ३१८।२०८१।०१।२५ | स्टेशनरी खरिद | शुभकामना सप्लायर्स | २९६९८६ |
| ६६।२०८०।१२।८ | कम्प्युटर, प्रिन्टर | अन्नपूर्ण ट्रेडर्स | ३२२९९० |
| १३३।२०८१।१।१५ | फर्निचर खरिद | सिटिजन फर्निचर पोखरा | ३९९७४८ |
| २३१।२०८१।२।३१ | फर्निचर | भैरव ट्रेड सेन्टर | ११८४१५ |
| २४७।२०८१।३।४ | पर्दा कार्पेट | भैरव ट्रेड सप्लायर्स | ९७९३७१ |
| ६५३।२०८१।३।२४ | BP सेट | प्रगति सर्जिकल हाउस | १८९९९७ |
| ६४७।२०८१।३।२३ | सर्जिकल सामग्री | युनिस सर्जिकल डाइग्नोसिस सप्लायर्स | ६६९१५० |
| ३३०।२०८१।०१।२५ | स्वास्थ्य सामाग्री खरिद | | ३९९७२७ |
| ६४८।२०८१।३।२३ | सर्जिकल सामग्री | हिउफुल सर्जिकल सप्लायर्स | ३९९१२७ |
| | | जम्मा | ५४९२८५० |

**५६ अनुगमन तथा भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ।नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ। कार्यालय र वडा तथा स्वास्थ्य संस्थामा समेत यस वर्ष विषयगत शीर्षक तथा कन्टिन्जेन्सी वाहेक भ्रमण खर्च, अन्य भ्रमण खर्च र अनुगमन तथा मूल्याङ्कन खर्च शीर्षकमा रु.३१,५४,५३५।- खर्च लेखेको छ तर भ्रमणको उद्देश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण आदि राखेको

छैन।जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन।यसमा सुधार गर्नुपर्ने देखिन्छ। साथै लेखापरीक्षण क्रममा केही भौचरहरूको परीक्षण गर्दा भ्रमण अवधिमा रहेको कर्मचारीले समेत बैठक भत्ता समेत बुझेको देखिएकोले यस्ता कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

**५७ अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु.२९,५३,७३५।- अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । यो बर्ष वितरण गरेका कार्यक्रम देहाय अनुसार छन्:

| सि.नं | कार्यक्रमको नाम | वितरण गरेको समुह तथा संस्था | अनुदान प्रतिशत | अनुदान रकम |
|---|---|---|---|---|
| १ | खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम | सबै वडा | ५० | ३६५००० |
| २ | धानबाली प्रवर्द्धन कार्यक्रम | पराजुलीटार कृषक समुह | ५० | ४६४५०० |
| | | नागभैरव वहुउद्देश्यीय सहकारी संस्था लि.) | ५० | ४५९४०० |
| ३ | मौरी पकेट विकास कार्यक्रम | साना किसान कृषि सहकारी संस्था लि. | ५० | २४५४४० |
| | | देउराली बहुउद्देश्यीय सहकारी संस्था लि | ५० | २५७३९५ |
| ४ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | वडा नं.१० किसान एकता कृषक समूह | ५० | ३२५००० |
| | | वडा नं.९ भदौरे कृषक समूह | ५० | ३००००० |
| | | वडा नं.५ लाफा गाँउ होमस्टे | ५० | १८६००० |
| ५ | एकीकृत कृषि सहकारी संस्था चिस्यान केन्द्र व्यवस्थापन | | ७५ | १८९००० |
| ६ | जै घाँस वितरण | | ५० | १०८००० |
| ७ | राइखनियु वितरण | | १०० | ५४००० |
| | | | जम्मा | २९५३७३५ |

**५८ मृगौला प्रत्यारोपण**

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को दफा २ ख बमोजिम "लक्षित समुह" भन्नाले मृगौला प्रत्यारोपण गराएका, डायलाइसिस गराइरहेका, क्यान्सर रोग पहिचान भई उपचारपछि निको भईसकेका व्यक्ति बाहेकका क्यान्सर रोगी (क्यान्सर पहिचान भई उपचारपछि निको भईसकेका तर चिकित्सकले तीन-तीन महिना भित्र निरन्तर निगरानीमा (close follow up) राखेका व्यक्ति यस लाभग्राहिको सूची भित्रैपर्ने) र मेरूदण्ड पक्षाघात भएका (रातो र नीलो अपाङ्ग परिचय पत्र वाहक ) व्यक्ति सम्झनु पर्ने र २ ग मा "लाभग्राही" भन्नाले लक्षित समुहमा परेका औषधि उपचार गर्न नसक्ने गरिबीको परिचय पत्र वितरण गरेको जिल्लाको हकमा सो परिचय पत्र वाला तथा गरिबीको परिचय पत्र वितरण गरी नसकेको जिल्लाको हकमा बिपन्न व्यक्ति वा स्थानीय तहबाट सिफारिस समिति गठन गरी पहिचान भएका बिपन्न रहेको प्रमाणपत्र प्राप्त व्यक्ति सम्झनुपर्ने उल्लेख छ । त्यसै गरी सोही कार्यविधिको दफा ४ मा लाभग्राहीलाई नेपाल सरकारले तोकेको मासिक रू.५०००।- का दरले त्रैमासिक रुपमा महिनाको अन्तिम दिन स्थानीय तहले लाभग्राहीको खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले तयार भएको परिचयपत्र वितरण नगरी

परिचयपत्रमा उल्लेखित लाभान्वित वर्गको नामनामेसी भिडान नगरी वडा कार्यालय तथा चिकित्सकको सिफारिसको आधारमा उपरोक्त कार्यविधिको शर्त पालना नगरी भौचर नं. १, २ मिति २०८१।१२५ बाट ५४ जना लाभग्राहीलाई प्रथम किस्ता वापत रू.१४,७५,०००।– र भौचर नं. ४ मिति २०८१।३।२४ बाट ५० जना लाभग्राहीलाई दोस्रो किस्ताको रू.१४,१५,०००।- समेत रू.२८,९०,०००।– भुक्तानी दिएको छ । कार्यविधिको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ।

५९ **भ्रमण प्रतिवेदन**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ।नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ। पालिकाका निम्नानुसार पदाधिकारीहरू काठमाडौं तथा पोखरामा योजना माग गर्न गएकोमा योजना माग सम्बन्धी पत्र, भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्नेमा सो नगरी भ्रमण खर्च भुक्तानी गरेकोले भ्रमणको उद्देश्य खुलाई भ्रमण प्रतिवेदन पेस गर्नुपर्ने रू.

| भौ.नं.।मिति | भ्रमण गर्ने कर्मचारीको नाम | स्थान | देखि | सम्म | अवधि | कार्यक्रम | रकम |
|---|---|---|---|---|---|---|---|
| ६७८।२०८१।३।२४ | ५ वडा अध्यक्ष ओमविर गुरुङ | काठ | २०८१।२।२३ | २०८१।२।२९ | ६ दिन | योजना माग | ९३७५ |
| | ३ नं. वडा अध्यक्ष केशव न्यौपाने | काठ | २०८१।२।२५ | २०८१।२।३१ | ७ दिन | योजना माग | ९३७५ |
| | ६ नं. वडा अध्यक्ष महेश कुमार पाण्डे | पोखरा | २०८१।१।१४ | २०८१।१।२० | ७ दिन | योजना माग | ९३७५ |
| | ९ नं. वडा अध्यक्ष विष्णुभक्त पौडेल | पोखरा | २०८१।२।२१ | २०८१।२।२४ | ४ दिन | योजना माग | ९७५० |
| | १० नं. वडा अध्यक्ष रामचन्द्र भण्डारी | पोखरा | २०८१।३।१ | २०८१।३।६ | ६ दिन | योजना माग | ९३७५ |
| | | | | | | जम्म | ४७२५० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४७,२५० |

६० **प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । सो अनुसा मध्येनेपाल नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७९ को बुँदा नं. १५ अनुसार आर्थिक वर्षको अन्तिम महिनामा बजेट तथा कार्यक्रम तयारी, नगर सभा तयारी, योजना तथा कार्यक्रमको भुक्तानी तथा फरफारक लगायतक कामले गर्दा कार्यको अत्याधिक चाप हुने हुँदा उक्त कार्यमा संलग्न रहेको भनी १४ जना कर्मचारीलाई भौ.नं. ६७० मिति २०८१।३।२४ बाट एक महिनाको तलब बराबरको रकम अतिरिक्त प्रोत्सहान सुविधा वापत रू.४,८८,३००।– भुक्तानी गरेको छ । पालिकाको कुल आन्तरिक आय रू.१,५६,७८,६८०। ७५ मध्ये पदाधिकारी र कर्मचारीको तलब भत्ता लगायतमा रू.२७,५९,७९,९४७।– खर्च भएको अवस्थामा थप प्रोत्साहन भत्ता दिने कार्यमा नियन्त्रण गरी पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

६१ **अनुत्पादक खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहायका अनुत्पादक प्रयोजनमा रु.११,९१,१५०।- खर्च गरेको देखिन्छ ।

| भौ.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| ७९।२०८०।१२।२६ | भोर्लेटार नेवा खल कार्यक्रम | सामान खरिद | १०८०५० |
| ११८।२०८१।१।२१ | वडा नं. १० को पञ्चे बाजा खरिद | पञ्चे बाजा खरिद | १४८००५ |
| २२४।२०८१।२।२९ | सृजना आमा समूह | भागा वर्तन खरिद | ९८३९६ |
| २६९।२०८१।३।९ | दलित जनशक्ति समूह | डेक्ची कराई खरिद | ९८४८३ |
| २७३।२०८१।३।१२ | दलित उत्थान उपभोक्ता समिति | फर्निचर खरिद | १९१३८८ |
| ६००।२०८१।३।२१ | नेपाल माझी उत्थान संघ | पूजा खर्च | ४०००० |
| ५८१।२०८१।३।२० | | योग शिविरमा म्याट्रेस वितरण | १९८८०० |
| ५५९।२०८१।३।१८ | महिन्द्री गंगा टोल विकास संस्था | गोरू जुधाइ कार्यक्रम | ४९०२८ |
| ५११।२०८१।३।९ | नेपाल महिला उत्थान संघ | स्मारिका प्रकाशन | २०००० |
| ५२२।२०८१।३।१२ | मनकामना मगर समाज | मगर ड्रेस | २०००० |
| ४८०।२०८१।२।३२ | लाफा गाउँ होम स्टे | स्टेज व्यानर, गमला , कुर्सी खरिद | १९४००० |
| ४३६।२०८१।२।२७ | शिला तमु समाज | ढ्याङ्ग्रो, ढोल | २५००० |
| | | जम्मा | ११९११५० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

६२ **दैनिक भ्रमण भत्ता**

प्रदेश खर्च मापदण्ड २०७९ को दफा ५ मा कार्यालय सम्वन्धित कामको लागि फिल्डमा खटिनु खटाउनु परेमा वा अन्य कार्यालयको काम गर्नु पर्दा दैनिक भ्रमण भत्ता पाउने व्यवस्था छ र सो दैनिक भ्रमण भत्ता पाएको समयमा वैठक भत्ता नपाउने व्यवस्था सोही प्रदेश खर्च मापदण्डको दफा ३ मा उल्लेख छ। तर पालिकाका निम्न कर्मचारी र पदाधिकारीले कार्यालयमा उपस्थित भएको, वैठकमा उपस्थित भएको र दैनिक भ्रमण भत्ता समेत वुझेको देखिएकोले यस्तो दैनिक भ्रमण भत्ता निजहरुवाट असुल हुनुपर्ने रकम रु

| गो भौ नं मिति | कर्मचारी/ पदाधिकारीको नाम | दैनिक भ्रमणमा रहेको अवधि | पुष्टि नहुने कारण | असुल हुनुपर्ने रकम |
|---|---|---|---|---|
| ४५।२०८०।०७।२३ | शेष कान्त पौडेल | २०८०।६।२० देखि २०८०।६।२५ सम्म | हाजिरी पुस्तिका अनुसार कार्यालयका २०८०।६।२३ देखि हाजिर भएको | ४८०० |
| ४५।२०८०।०७।२३ | शेष कान्त पौडेल | २०८०।७।१३ देखि २०८०।७।१९ सम्म | २०८०।०७।१५,१६,१७,१८ मा नगरपालिकाको खरिद समितिको बैठकमा वसी भत्ता समेत वुझेको | ६४०० |
| ४५।२०८०।०७।२३ | सुजन अधिकारी | २०८०।७।१३ देखि २०८०।७।१९ सम्म | २०८०।०७।१५,१६,१७,१८ मा नगरपालिकाको खरिद समितिको बैठकमा वसी भत्ता समेत वुझेको | ६४०० |
| ५९।२०८०।०८।१३ | शेषकान्त पौडेल | २०८०।७।२१ देखी २०८०।७।२६ | २०८०।०७।२४,२६ मा नगरपालिकाको खरिद समितिको बैठकमा वसी भत्ता समेत वुझेको | ३२०० |
| ८०।२०८०।०९।०२ | शेष कान्त पौडेल | २०८०।८।१९ देखि २०८०।८।२४ सम्म | हाजिरी पुस्तिका अनुसार कार्यालयका २०८०।८।२२ देखि हाजिर भएको | १६०० |
| १३५।२०८०।१०।२१ | शेष कान्त पौडेल | २०८०।९।१ देखि २०८०।९।४ सम्म | २०८०।९।३ गते कार्यालयका शाखा प्रमुखहरुको वैठक वसी वैठक भत्ता समेत वुझेको | १६०० |
| | जीवन शर्मा | २०८०।९।१ देखि २०८०।९।४ सम्म | २०८०।९।३ गते कार्यालयका शाखा प्रमुखहरुको वैठक वसी वैठक भत्ता समेत वुझेको | १६०० |
| १४०।२०८०।१०।२२ | शेष कान्त पौडेल | २०८०।०९।११ देखि २०८०।०९।१७ सम्म | २०८०।९।१२ गते राष्टपति रनङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको वैठक वसी वैठक भत्ता समेत वुझेको | १६०० |
| १८३।२०८०।११।२४ | शेष कान्त पौडेल | २०८०।१०।०७ देखि २०८०।१०।१२ सम्म | २०८०।१०।०९,१०,११ गते पालिकाको दरभाउ पत्र मुल्यांकन समितिको अध्यक्षता गरी वैठक वसी भत्ता समेत वुझेको | ४८०० |
| | जिवन शर्मा | २०८०।१०।०७ देखि २०८०।१०।१२ सम्म | २०८०।१०।०९,१०,११ गते पालिकाको दरभाउ पत्र मुल्यांकन समितिको वैठक वसी भत्ता समेत वुझेको | ४८०० |
| | सुरज अधिकारी | २०८०।१०।०७ देखि २०८०।१०।१२ सम्म | २०८०।१०।०९,१०,११ गते पालिकाको दरभाउ पत्र मुल्यांकन समितिको वैठक वसी भत्ता समेत वुझेको | ४८०० |
| १६१।२०८०।११।०८ | शेष कान्त पौडेल | २०८०।१०।२५ देखि २०८०।१०।३० | २०८०।१०।२५,२६,२९मा नगरपालिकाको खरिद समितिको बैठकमा वसी भत्ता समेत वुझेको | ४८०० |
| | | | असुल गर्नुपर्ने | ४६,४०० |

## ६३ औषधि खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । साथै उपनियम १ मा यसरी खरिद गर्दा एक आर्थिक वर्षमा एउटै फर्म तथा व्यक्तिबाट सो सीमा भन्दा बढी खरिद गर्न नसकिने तथा न्यूनतम तीन जना सँग कोटेशन माग गरी खरिद गर्नुपर्ने उल्लेख छ । यदि सो भन्दा बढी भएमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम सिलबन्दी दरभाउपत्र तथा दफा ३१ बमोजिम खुल्ला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले उक्त प्रक्रियाबेगर निम्नानुसार बिक्रेताबाट रु.३९,८३,०७७।- का औषधि सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रू.

| गो भौ नं / मिति | कामको विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| चालु तर्फ | | | |
| १३३।२०८०।१०।२१ | औषधि खरिद | उन्नती साईन्स हाउस | १९५००० |
| १३३।२०८०।१०।२१ | औषधि खरिद | चिरायु फार्मेसी | ९४००० |
| ३३१।२०८१।१।२५ | औषधि खरिद | अदिति मेडि कन्सर्न | ४००००० |
| ६६३।२०८१।३।२४ | औषधि खरिद | चिराग फार्मेसी | ३००००० |
| ६६६।२०८१।३।२४ | औषधि खरिद | ग्लोरियर फार्मेसी टिकल्स | ५९९९३१ |
| ४९२।२०८१।३।४ | औषधि खरिद | अदिती मेडि कन्सर्न प्रा.लि. . | ९९९८४० |
| सशर्त तर्फ | | | |
| ३८।२०८०।०९।२५ | औषधि खरिद | चिरायु फार्मेसी प्रा.लि. | ९९९८१० |
| ४७।२०८०।१०।०५ | औषधि खरिद | माउन्ट अन्नपुर्णा फार्मेसी | ३९४४९६ |
| | | जम्मा | ३९८३०७७ |

| | |
|---|---|
| अनियमित भएको | ३९,८३,०७७ |

## ६४ भ्रमण प्रतिवेद

भ्रमण खर्च नियमावली २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी भ्रमण सम्पन्न भए पश्चात भ्रमण प्रतिबेदन पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट यस बर्ष भ्रमणमा खटिएका पदाधिकारी तथा कर्मचारीले भ्रमण गर्नुको उद्धेश्य, भ्रमणमा देखिएका व्यहोरा, समस्या तथा चुनौति सहितको भ्रमण प्रतिबेदन पेश भएको पाइएन । यसबाट एकातर्फ भ्रमण प्रभावकारी नहुने अर्कोतर्फ भ्रमण खर्च समेत अनुत्पादक हुने हुदा बिस्तृत प्रतिबेदन पेश गर्ने गराउने तर्फ सम्बन्धितको ध्यान जानु पर्दछ ।पालिकाबाट भएको भ्रमण खर्चको औचित्य र प्रभावकारीता एकीन गर्न सकिएन।

## ६५ विद्युत जरिवाना

गण्डकी प्रदेश आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ को दफा २९ मा यस ऐन बमोजिम राख्नुपर्नुपर्ने लेखा ठिक संग नराखेको कारण कुनै हानी नोक्सानी भएमा त्यसरी हानी नोक्सानी भएको रकम जिम्मेवार व्यक्तीवाट असुल गर्ने व्यवस्था छ। पालिकाले ससर्त तर्फ गो भौ नं ७६,१२०,१२०,१२७,१९७,२२६,२४४, वाट र पालिका चालु तर्फ गो भौ नं ४१,५२,५७,१०४,१२५,१४२,३३९,३३९ वाट विद्युत महशुल वुझाउदा समयमा नै महशुल नवुझाएको कारणले ससर्त तर्फ ६८३७ र चालु तर्फ २३८९२ गरी जम्मा ३०७२९ थप रकम भुक्तानी गरेको देखिएकोले समयमा नै महशुल वुझाउने तर्फ ध्यान दिनु पर्दछ।

## ६६ बरबुझारथ

कुनै कर्मचारी सरुवा हुदा आफ्नो जिम्मामा रहेको जिन्सी मालसामान हालवालालाई वा हालवाला नभएमा कार्यालय प्रमुखले तोकेको कर्मचारीलाई वरवुझारथ गर्नुपर्दछ तर प्रमुख प्रशासकिय अधिकृत शेषकान्त पौडेलले सरुवा भई जादा कार्यालयको सामान १ सेट मोवाईल (SAMSUNG (A345G) ) रकम रु ४०७०७ फिर्ता नगरेकोले निजले उक्त सामान फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रकम रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,७०७ |

## ६७ पदाधिकारी सुविधा

गण्डकी प्रदेशले जारी गरेको गाँउसभा, नगरसभा र जिल्ला समन्वय समितिको सदस्यले पाउने सुविधा सम्बन्धि ऐन, २०७६ को अनुसूची १ मा पालिकाका पदाधिकारी तथा सदस्यको सुविधा अन्तर्गत अनुगमन खर्चको छुटै व्यवस्था गरेएको छ । तर निम्न गो भौ नं वाट पदाधिकारीको विभिन्न नम्बरहरुमा थप सञ्चार सुविधाको रुपमा अनिल कुँवर मार्फत मोवाईल रिचार्ज सुविधा लिएको हुदा यस्ता दोहोरो सुविधा लिन नपाईने हुदा आगामी दिन पालिकाले यस तर्फ ध्यान दिनु पर्दछ।

| गो भौ नं. / मिति | मोवाईल रिचार्ज |
|---|---|
| ३०।२०८०।०७।१३ | १०००० |
| ४६।२०८०।०७।२३ | ४००० |
| ९४।२०८०।०९।१७ | ८५०० |
| १२८।२०८०।१०।९ | १००० |
| १६५।२०८०।११।१४ | ८००० |
| २१७।२०८०।१२।१४ | २००० |
| २५८।२०८१।०१।१० | ३००० |
| ३४४।२०८१।०१।२३ | ६००० |
| ४९७।२०८१।०३।०५ | ६००० |
| जम्मा | ४८५०० |

## ६८ घटि करकट्टी

आय कर ऐन २०५८ को दफा ८७ मा रोजगारीको आयमा अनुसुची १ वमोजिम कर कट्टी गर्नु पर्ने उलेख छ तर पालिकाले कर योग्य आय भएको देहाय अनुसारको कर्मचारीहरुको कर कट्टा गर्ने छुट भएको देखिएकोले असुल गरी संघिय संचितकोष दाखिला हुनुपर्ने रु

| सि नं | पद | नाम | जम्मा फिल्ड भत्ता | कट्टि गर्नुपर्ने | कट्टि गरेको | घटी १४% करकट्टि |
|---|---|---|---|---|---|---|
| | | | | १५% कर | १% कर | |
| १ | अ.स. ईञ्जिनियर | विज्ञान रानाभाट | ५४००० | ८१०० | ५४० | ७५६० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२४** को निर्णयले रू **२,२४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **११,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **९,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **११,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **१०,०८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **६,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **६,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **४,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ७,५६० |
|---|---|

६९ **बैठक भत्ता**

(गो भौ नं १२५ मिति २०८०।१०।०७) गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ दफा ३ मा वैठक भत्ताको मापदण्ड सम्वन्धी व्यवस्था गरिएको छ। जसमा एउटै निकाय र अन्तरगतका पदाधिकारी/कर्मचारी मात्र वस्ने वैठकमा वैठक भत्ता प्रदान गरिने व्यवस्था नरहेको तर पालिकाले आफ्नै निकाय अन्तरगतका अर्थात पालिका भित्रका कर्मचारीहरु वैठकमा वैठक भत्ता दिएकोमा उक्त वैठक भत्ता कानुन सम्वत नदेखिएकोले निम्न गो भै नं र मितिका केही लेखापरीक्षणको क्रममा असुल भएको र वाँकी असुल गर्नुपर्ने रकम रु

| सि.न | नाम थर | वैठक संख्या | वैठक भत्ताको दर | जम्मा | १५% कट्टी | बुझिलिएको रकम |
|---|---|---|---|---|---|---|
| १ | शेष कान्त पौडेल | ३ | १२०० | ३६०० | ५४० | ३०६० |
| २ | जिवन शर्मा | ३ | १२०० | ३६०० | ५४० | ३०६० |
| ३ | सुरज अधिकारी | ३ | १२०० | ३६०० | ५४० | ३०६० |
| | | | | | | ९१८० |

| असुल गर्नुपर्ने | ९,१८० |
|---|---|

७० **पारिश्रमिक कर**

आय कर ऐन २०५८ को दफा ८७ मा रोजगारीको आयमा अनुसुची १ वमोजिम कर कट्टी गर्नु पर्ने उलेख छ तर पालिकाले कर योग्य आय भएको देहाय अनुसारको कर्मचारीहरुको कर कट्टा गर्ने छुट भएको देखिएकोले असुल गरी संघिय संचितकोष दाखिला हुनुपर्ने रु

| सि नं | पद | नाम | वार्षिक आय | कट्टि गर्नुपर्ने पारिश्रमिक कर | कट्टि गरेको पारिश्रमिक कर | घटी पारिश्रमिक करकट्टि |
|---|---|---|---|---|---|---|
| १ | प्र प्र अ | चन्डिका पौडेल | ७०९३४६ | ११९३४ | ० | ११९३४ |
| २ | लेखा प्रमुख | सरोज पराजुली | ६९६४५४ | ६९६५ | ० | ६९६५ |

| असुल गर्नुपर्ने | १८,८९९ |
|---|---|

७१ **शुभकामना सन्देश**

नगरपालिकाले विभिन्न सूचना संचार गृह, पत्रपत्रिका छपाईमा आफूले सम्प्रेषित गरेको विषय वस्तु छपाईको आधारमा सम्झौता बमोजिम रकम भुक्तानी गर्नुपर्नेमा विभिन्न क्यालेण्डर छपाई र सूचना प्रकाशन, संघ, संगठनको नामबाट सन्दर्भ प्रकाशन लगायतका प्रकाशन सामग्री पूर्वस्वीकृति वेगर छपाउने र भुक्तानीको लागि नगरपालिकामा एक प्रति ल्याउने गरी विभिन्न संचार प्रकाशन समितिहरुलाई भुक्तानी गरेको देखियो । नगरपालिकाले आफैले विषयवस्तु छनौट गरी पूर्वस्वीकृति दिइ छपाई गर्ने कार्य वाहेक अन्य छपाई गरेको रकम अनियमित खर्च हुने हुनाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने देखियो ।

७२ **संघीय र स्थानीय कार्यक्रममा दोहोरोपना**

(गो भौ नं ६०७ ।२०८१।०३।२१) संघीय सरकाले स्वास्थ्यतर्फको सशर्त कार्यक्रम अन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको यातायात तथा प्रोत्साहनका लागि आर्थिक वर्ष २०८०।८१ मा प्रति महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई जनही रु १२०००। का दरले यातायात भत्ता प्रदान गर्ने महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन कार्यक्रम अन्तर्गत बजेट निकासा गरेकोमा पालिकाले समेत सोहि कार्यक्रमको लागि प्रति स्वयंमसेविका बार्षिक १२००० को दरले ११२ जनालाई रु १३४४००० यातायात भत्ता भुक्तानी गरेको छ। स्थानीय तहले समेत सोही कार्यक्रमको लागि एउटै र एकै लक्ष्य बोकेका कार्यक्रममा बजेट विनियोजन नगरि संघिय सरकारले ल्याएका कार्यक्रमसँग नजुध्ने गरी समन्वयात्मक ढंगले कार्य अगाडी बढाउनुपर्ने देखिन्छ। दोहोरो खर्च खर्च गर्दा बढी व्ययभार परेको रु

| | |
|---|---|
| अनियमित भएको | १३,४४,००० |

७३ **पारिश्रमिक कर:**

आय कर ऐन २०५८ को दफा ८७ मा रोजगारीको आयमा अनुसुची १ वमोजिम कर कट्टी गर्नु पर्ने उलेख छ । पालिकाले कर योग्य आय भएको देहाय अनुसारको कर्मचारीहरुको कर कट्टा गर्ने छुट भएको देखिएकोले असुल गरी संघिय संचितकोष दाखिला हुनुपर्ने रु

| शिक्षकको नाम | विद्यालयको नाम | करयोग्य आय | कर रकम |
|---|---|---|---|
| कुशुमाकर मावि | नवीन रेग्मी | ६८२१७६ | ८२१७ |
| | धुर्वराज घिमिरे | ७३८५२१ | १३८५२ |
| | प्रदिपराज घिमिरे | ६४७८१५ | ४७८१ |
| | सशीराज घिमिरे | ६८२१७६ | ८२१७ |
| | रामचन्द्र सोती | ७१६५३८ | ११६५३ |
| भैरवकाली मावि | भुलाराम क्षेत्री | ७०९३४६ | १०९३४ |
| | शिवराम अधिकारी | ६८२१७६ | ८२१७ |
| | हरिचन्द्र लम्साल | ७०९३४६ | १०९३४ |
| | सुशिल नेपाल | ६४७८१५ | ४७८१ |
| करापुकल्याण आवि | बलराम घिमिरे | ६२०६३४ | २०६३ |
| सम्झना मावि | काशीनाथ साँखी | ६८२१७६ | ८२१७ |
| सप्तधारा मावि | वलराम घिमिरे | ६६४९९५ | ६५०० |
| जनमन्दिर मावि | चन्दराज घिमिरे | ६८२१७६ | ८२१७ |
| गणेशमालिका मावि | विनोदप्रसाद घिताल | ६८२१७६ | ८२१७ |
| | रिता सापकोटा | ६८२१७६ | ८२१७ |
| | राजकुमार खड्का | ६८२१७६ | ८२१७ |
| | जम्मा कर रकम | | १३१२३४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३१,२३४ |

७४ **विद्यालय लेखापरीक्षण अनुदानः**

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभुत तह सञ्चालित विद्यालयहरुका लागि प्रति विद्यालय रु १० हजार र माध्यमिक तह सञ्चालित

विद्यालयहरुमा प्रति विद्यालय रु १५ हजारको दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण शिर्षकमा एकमुष्ट अनुदान निकासा दिने व्यवस्था छ र सोहीबमोजिम विद्यालयले अन्तिम लेखापरीक्षण हुनु पूर्व नै उक्त लेखापरीक्षण कार्यसम्पन्न गरी स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेकोमा यस वर्ष पालिकाले गो भौ नं २३।०८०।०८।१२ मा देहाएक विद्यालयको सामाजिक तथा आर्थिक लेखापरिक्षण बापत रु ४९५०००।-निकासा गरी खर्च लेखेकोमा निकासा भएको आर्थिक वर्षको विद्यालयको आर्थिक लेखापरीक्षण भई प्रतिवेदन पेश नभएकोले आर्थिक लेखापरीक्षण गराइ सोको प्रमाण पेश गर्नुपर्ने रु

| विद्यालयको नाम | रकम |
|---|---|
| इशानेश्वर मावि | १५००० |
| गणेशकालीका मावि | १५००० |
| जनमन्दिर मावि | १५००० |
| सप्तधारा मावि | १५००० |
| मालिका आवि | १०००० |
| सर्वनन्दन प्रा वि | १०००० |
| शान्ति शक्ति प्रावि | १०००० |
| बालज्योति मावि | १५००० |
| शारदा सदन प्रा वि | १०००० |
| चन्द्रज्योति प्रा वि | १०००० |
| सुर्यज्योति मावि | १५००० |
| कल्याण मावि | १५००० |
| सम्झना मावि | १५००० |
| माहिन्द्री प्रावि | १०००० |
| करापु कल्याण मजुवा आवि | १०००० |
| डढुवा दुर्छा मावि | १५००० |
| शैलेश्वरी प्रावि | १०००० |
| गौरि शंकर प्रावि | १०००० |
| बालविकास मावि | १५००० |
| रामवालोदय आवि | १०००० |
| जनकल्याण प्रावि | १०००० |
| विश्वज्योति प्रावि | १०००० |
| कुसुमाकर मावि | १५००० |
| अकला प्रावि | १०००० |
| विन्देश्वरी प्रावि | १०००० |
| जनश्रम प्रावि | १०००० |
| सिद्धिविनायक आवि | १०००० |
| भुमे प्रावि | १०००० |
| लक्ष्मी प्रावि | १०००० |
| भावना प्रावि | १०००० |
| | |

| | |
|---|---|
| भवानि प्रावि | १०००० |
| जनकल्याण प्रावि | १०००० |
| जनप्रिय प्रावि | १०००० |
| ज्वाला प्रावि | १०००० |
| सप्तकन्या प्रवि | १०००० |
| सुर्योदय प्रावि | १०००० |
| देविस्थान प्रावि | १०००० |
| जनज्योति प्रावि | १०००० |
| बालकल्याण प्रावि | १०००० |
| भैरवकाली मावि | १५००० |
| शिद्ध प्रावि | १०००० |
| माहिन्द्री गंगा प्रावि | १०००० |
| मंगला मावि | १५००० |
| जम्मा रकम | ४९५००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९५,००० |

७५ **प्राविधिक धार संचालनमा रहेका विद्यालयलाई अनुदान :**

विद्यालय क्षेत्र सुधार कार्यक्रमकार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनकाको लागि विद्यालयलाई अनुदानको व्यवस्था रहेको छ । जसअन्तर्गत प्राविधिक धार सञ्चालनमा रहेका विद्यालयमा अध्ययनरत कक्षा ९ देखि १२ सम्मका विद्यार्थी यकिन गरी शिक्षण सिकाइ सामाग्री,ल्याब असिष्टेण्टका लागि पारिश्रमिकउपकरण तथा प्रयोगात्मक सामग्री व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी रु १५००० का दरले हुन आउने रकम एकमुष्ठ रुपमा विद्यालयलाई अनुदान दिने र विद्यालयले उक्त रकम OJT मा सहभागी हुने विद्यार्थीका लागि प्रति महिना १ हजारका दरले सम्बन्धित विद्यार्थीको बैङक खातामा उपलब्ध गराउने व्यवस्था बमोजिम पालिकाले गो भौ नं १४१।०८१।०२।२४ मा प्राविधिक धार संचालनमा रहेको विद्यालय श्री इशानेश्वर माविमा एकमुष्ट रु १६०५००० अनुदान रकम उपलब्ध गराएकोमा ११७ जना विद्यार्थीलाई भरपाई मार्फत रकम वितरण गरेकोले कार्यविधि वेगर भुक्तानि भई अनियमित देखिएको रु

साथै विद्यालयबाट खर्चको प्रमाण पेश नभएको रकमको तोकिएको क्षेत्रमा खर्च गरी सोको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,०१,५०४ |

७६ **सामुदायिक क्याम्पसलाई छात्रवृत्ति :**

संविधानको अनुसूचीमा संघीयता कार्यान्वयनका सम्बन्धमा तीनै तहका सरकारको कार्यक्षेत्र स्पष्ट उल्लख गरिएको छ जस अनुसार अनुसूची ८ मा स्थानीय तहको अधिकार सूचीमा आधारभूत र माध्यमिक शिक्षा रहेको छ। पालिकाले संविधानले तोकेको अधिकारक्षेत्रको उल्लंघन गर्दै गो भौ नं ६६८।०८१।०३।२४ मा श्री पुष्पतला जनएकता क्याम्पस, मंगला क्याम्पस र इशानेश्वर क्याम्पसलाई छात्रवृत्ति रकम अनुदान दिएकोले नियमसंगत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ७,९९,९९९ |

७७ **न्यानो झोला वितरण :**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपदफा १० बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो भौ नं २५८।०८१।०३।२४ मा रु ८९९.४८ मा ३३३ सेट न्यानो झोला खरिद गरेकोमा उक्त सामाग्री वितरण हुन बाँकी रहेकोले खरिद पूर्व खरिद आवश्यकताको एकिन गरी खरिद गर्नुपर्दछ साथै वितरण नभइ कार्यालयको भण्डारमा रहेको सामग्रीलाई वितरण गरी सोको भरपाई पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९९,५२६ |

७८ **छात्रवृत्ति रकम:**

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वियन निर्देशिका २०८०।८१ को क्रियाकलाप नं ७.२.१.१ मा सामुदायिक विद्यालयका विद्यार्थीलाई छात्रवृती उपलव्ध गराउँदा IEMIS मा प्रविष्ट तथ्यांकलाई सम्वन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई प्रतिविद्यार्थी रु ४०० का दरले छात्रवृती उपलव्ध गराउने र विद्यालयबाट उक्त रकम वितरण गरी सोको भरपाइ स्थानीय तहमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले गो भौ नं ११७।०८१।३।२१ मा विभिन्न४५ विद्यालयलाई छात्रवृतीको लागि निकासा दिएकोमाविद्यालयले सो रकम वितरण गरी स्थानीय तहमा भरपाई पेश नगरेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु

| विद्यालयको नाम | रकम |
|---|---|
| इशानेश्वर मावि | १२६८०० |
| गणेशकालीका मावि | ३१२०० |
| जनमन्दिर मावि | ४०४०० |
| सप्तधारा मावि | २२८०० |
| मालिका आवि | ५२०० |
| सर्वनन्दन प्रा वि | ८००० |
| बालज्योति मावि | १४८०० |
| सुर्यज्योति मावि | १७२०० |
| कल्याण मावि | ३०४०० |
| सम्झना मावि | १६००० |
| माहिन्द्री प्रावि | १६०० |
| करापु कल्याण मजुवा आवि | ११२०० |
| ड्ढुवा दुर्छा मावि | ३२८०० |
| शैलेश्वरी प्रावि | २८०० |
| गौरि शंकर प्रावि | ३२०० |
| बालविकास मावि | २०४०० |
| रामवालोदय आवि | १०८०० |
| विश्वज्योति प्रावि | २४०० |
| कुसुमाकर मावि | १२६८०० |
| विन्देश्वरी प्रावि | २४०० |
| जनश्रम प्रावि | ३६०० |
| सिद्धिविनायक आवि | १८८०० |
| भुमे प्रावि | ४८०० |
| लक्ष्मी प्रावि | १४००० |
| भावना प्रावि | ८०० |
| भवानि प्रावि | १६०० |
| जनप्रिय प्रावि | २८०० |
| ज्वाला प्रावि | ८००० |
| सुर्योदय प्रावि | १२०० |
| जनज्योति प्रावि | २००० |
| | |

| | |
|---|---|
| बालकल्याण प्रावि | २८०० |
| जम्मा रकम | ५८७६०० |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२४** को निर्णयले रू **९,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **८,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **८,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२४** को निर्णयले रू **८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **५,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,८७,६०० |

७९ **दैनिक भ्रमण भत्ताको अवधिमा वैठकमा उपस्थिति:**

भ्रमण खर्च नियमावलीको दफा ७ को उपदफा ११ मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपयोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भ्रमण भत्ता उपयोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता,स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था रहेको छ । कार्यालयका देहायका कर्मचारी दैनिक भ्रमणको अवधिमा बैठक बसी वैठकमा हस्ताक्षर गरेकोले उक्त समयमा भ्रमण अवधिमा रहेको बुझिदैन । यसरी कार्यालयमा नै रही भ्रमण काज भरी भत्ता भुक्तानी भएकोले वैठकमा उपस्थित रहेको दिनको दैनिक भ्रमण भत्ता रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| कर्मचारीको नाम | पद | भ्रमणको अवधि | बैठकको मिति | वैठक सङ्ख्या | दर | रकम |
|---|---|---|---|---|---|---|
| शेषकान्त पौडेल | प्र प अ | ०८०।०८।१२-१८<br>२०८०।७।२२-२४ | ०८०।०८।१४<br>२०८०।७। २३, २४ | ३ | १६०० | ३६०० |
| सुर्य प्रसाद पौडेल | जनस्वास्थ्य निरिक्षक | ०८०।७।२२-२४ | ०८०।७। २३, २४ | २ | १६०० | २००० |
| जीवन शर्मा | लेखा अधिकृत | २०८०।७।२२-२४ | ०८०।७। २३, २४ | २ | १६०० | २००० |
| चण्डीका पौडेल | प्र प अ | ०८१।२।२९- ३।१ | ०८१।०२।३१<br>०८१।०३।०१ | २ | १६०० | २००० |
| सरोज पराजुली | लेखा अधिकृत | ०८१।२।२९- ३।१ | ०८१।०२।३१<br>०८१।०३।०१ | २ | १६०० | २००० |
| | | जम्मा रकम | | | | ११६०० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ११,६०० |
|---|---|

८० **कार्यालय समयमा वैठक बसी भत्ता भुक्तानी:**

गण्डकी प्रदेश खर्चको मापदण्ड २०८० को परिच्छेद २ मा बैठक भत्ता प्रदान गर्ने आधार र मापदण्ड सम्बन्धि व्यवस्था रहेको छ । जसअनुसार सार्वजनिक बिदाको दिन वा कार्यालय समय भन्दा अघि वा पछि बसेको वैठकका मात्र बैठक भत्ता पाइने व्यवस्था रहेकोमा पालिकाको मिति २०८०।७।२२ गते दिनको २ बजे नगरपालिकामा हेल्थ असिसटेन्ट पदको पदपूर्तिको लागि बैठक वसी उक्त अवधिको बैठक भता भुक्तानी भएकोले कार्यालय समयमा बसेको वैठकको वैठक भत्ता असुल गर्नुपर्ने रु

| कर्मचारीको नाम | पद | भत्ता रकम | कर कट्टी भइ भुक्तानी भएको रकम |
|---|---|---|---|
| सुर्य प्रसाद पौडेल | जनस्वास्थ्य निरिक्षक | १५०० | १२७५ |
| जीवन शर्मा | लेखा अधिकृत | १५०० | १२७५ |
| | जम्मा रकम | | २५५० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२४** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | २,५५० |
|---|---|

८१ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष नगरपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्था समेतमा विविधतर्फ मात्र रु.१९,०७,८०८।- खर्च गरेको छ । नगरपालिकाले बैठक तथा अन्य क्रियाकलाप संचालनार्थ बिबिध खर्च लेख्दा

उपस्थिति सँख्या, कार्यक्रमको पुष्ट्याई लगायतका बिबरण तथा बैठक तथा कार्यक्रम सँचालनको लागि लागत अनुमान तयार गरी खर्च लेख्नुपर्दछ । नगरपालिकाले बिबिध बैठक तथा कार्यक्रम सँचालनार्थ खर्च भएको उल्लेख गरी खर्चको पुष्ट्याई बेगर बिल भरपाई मात्र संलग्न गरी विविध शीर्षकबाट खाजा खाना बापतको खर्च लेखेको छ । यसरी खर्च लेखेबाट वास्तविक रुपमा खर्च भएको हो होइन यकिन गर्ने आधार भएन । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

८२ **परामर्स तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| रम्घा रिङ्गरोड सडक निर्माण | सिद्धार्थ कलेज अफ टेक्निकल साइन्सेज प्रा लि | ५००००० | ४९७८४३ | १८३१६९००० |
| देवटार पुरन्डिही सडक | इन्फ्राटेक सिभिल सोलुसन एड्ड कन्सल्टेन्सी प्रा लि | ५००००० | ४८०५३२ | १०५५९३००० |
| जम्मा: | | | | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

८३ **दोहोरो भत्ता**

मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गराइरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघाटका बिरामीलाई औषधि उपचार खर्च वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ मा यस किसिमको औषधि उपचार खर्च प्राप्त गर्ने लाभग्राहीले नेपाल सरकारले उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ता वापतको रकम भुक्तानी लिन नपाउने स्पष्ट व्यवस्था रहेकोमा देहायका लाभग्राहीले सामाजिक सुरक्षा भत्ता र औषधि उपचार खर्च दोहोरो भुक्तानी लिएकाले औषधि उपचार खर्च असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| क्र.सं. | नाम | औषधि उपचार मासिक | महिना | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | विनोद कुमाल | ५००० | ६ | ३०००० | अपाङ्ग भत्ता बुझेको |
| २ | मन माया नेपाली | ५००० | ६ | ३०००० | अपाङ्ग भत्ता बुझेको |
| | | | जम्मा | ६०००० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,००० |

८४ **निकासा फिर्ता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २२ को (२) सँग सम्बन्धित अनुसूची १० अनुसार पालिकाबाट MIS प्रणालीमा आधारित विद्युतीय प्रणालीबाट प्राप्त Forward Feed प्राप्त हुनासाथ सम्बधित लाभग्राहीको खातामा जम्मा भएको रकम देखिने गरी Reverse Feed र बाँकी रकम भए सो रकम पालिकालाई जानकारी गराई अर्को त्रैमासिकमा समायोजन गर्नुपर्ने व्यवस्था छ । पालिकाले पहिलो त्रैमासिक भत्ता वितरण गर्न विभिन्न २ बैङ्कलाई Forward Feed उपलब्ध गराएकोमा बैङ्कबाट प्राप्त रिभर्स फिड परीक्षण गर्दा निम्नानुसार लाभग्राहीको भत्ता सम्बन्धित खातामा जम्मा भएको देखिएन । दोश्रो किस्तादेखि लाभग्राहीको खातामा EFT मार्फत रकम जम्मा गरेकोले उक्त रकम सम्बन्धित खातामा रकम जम्मा गरेको प्रमाण पेस गर्नुपर्ने अन्यथा संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रू.

| बैङ्कको नाम | किस्ता | वडा नं. | लाभग्राहीको नाम | निकासा रकम |
|---|---|---|---|---|
| | १ | ७ | Dol Bahadur Sarki | ७९८० |
| | १ | ७ | Shanti Shova Pokhrel | ७९८० |
| | १ | ७ | Sarita Paudel | २६६० |
| ग्लोबल बैङ्क | १ | ७ | Ishan Pariyar | १५९६ |
| | १ | ८ | Sandesh B.K | १५९६ |
| ग्लोबल बैङ्क | १ | ७ | Dol Bahadur Sarki | ७९८० |
| | | | जम्मा | २९७९२ |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **९९,६४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २९,७९२ |

८५ **मृत्युपश्चात भत्ता वितरण**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा नं. २६ को उपदफा ३ अनुसार एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित लाभग्राहीलाई भुक्तानी गरी सो मितिभन्दा पछिको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी बाँकी रकम फिर्ता गरी संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार निम्नानुसार मृत्य भएका लाभग्राही नाममा समेत भत्ता वितरण भएकोले उक्त रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| वडा नं. | लक्षित समूह | परिचय नं. | नाम | लगत कट्टा लागु मिति | भुक्तानी | बढी भुक्तानी | किस्ता |
|---|---|---|---|---|---|---|---|
| ४ | अन्य जेष्ठ | २००४०७०२००३६५ | बट्टै सुनार | 6/10/2080 | १२००० | ३३३३ | प्रथम |
| ७ | अन्य जेष्ठ | १९८५१११५००५६८ | सरस्वती वि.क | 6/2/2080 | १२००० | ३७३३ | प्रथम |
| ४ | अन्य जेष्ठ | २००६०३०३००५१६ | सोमा कुमाल भन्ने सोमा आले | 6/25/2080 | १२००० | ६६६ | प्रथम |
| ४ | अन्य जेष्ठ | २००७०१०४०१२८२ | हर्क बहादुर बिंक | 5/28/2080 | १२००० | ४२६६ | प्रथम |
| ९ | अन्य जेष्ठ | १९९६०३१००३६६६ | गोमा राना | 12/7/2080 | १२००० | ३०३६ | तेश्रो |
| ४ | अन्य जेष्ठ | १९९८०८१००१६५७ | विवा थापा | 4/29/2080 | १२००० | ८००० | प्रथम |
| २ | अन्य जेष्ठ | २००११२१००३४१८ | यम बहादुर गुरुङ | 3/25/2081 | १२००० | ६६६ | चौथो |
| ८ | अन्य जेष्ठ | २००१०४०८०२४११ | रुपधरा गुरुङ | 5/13/2080 | १२००० | ६६६६ | प्रथम |
| २ | अन्य जेष्ठ | २००१०१०१२०५९६ | रघु नाथ पुरी | 3/15/2081 | १२००० | २००० | चौथो |
| ७ | अन्य जेष्ठ | २००१०२०४०५०५२ | सरस्वती घिमिरे | 4/26/2080 | १२००० | ८५३३ | प्रथम |
| ३ | जेष्ठ (दलित) | २०१४०११००२४३२ | पन्चे सार्की | 3/12/2081 | ७९८० | १५९६ | चौथो |
| ८ | अन्य जेष्ठ | २०११०५०४०१५३३ | विमाया दमै | 4/28/2080 | १२००० | ८२६६ | प्रथम |
| ३ | अन्य जेष्ठ | १९९७०४१६००४९१ | बिष्णु कुमार श्रेष्ठ | 3/11/2081 | १२००० | २५३३ | चौथो |
| ४ | अन्य जेष्ठ | २००३०७०५०३०३४ | सुक माया कुमाल भन्ने सुकमाया राना | 5/11/2080 | १२००० | ६५३३ | प्रथम |
| ७ | अन्य जेष्ठ | १९९६०४०८०१२७४ | मधु माया घिमिरे | 11/29/2080 | १२००० | ४१३३ | तेश्रो |
| ७ | अन्य जेष्ठ | २००००४०८०२६९४ | पूर्ण माया गुरुङ | 9/8/2080 | १२००० | २९३० | दोश्रो |
| २ | अन्य जेष्ठ | १९९९०३१४००८२५ | चन्द्र कान्त पौडेल | 9/21/2080 | १२००० | १२०० | दोश्रो |
| ४ | अन्य जेष्ठ | २००१०७०८०१४०८ | मान बहादुर कुमाल | 12/4/2080 | १२००० | ३४६६ | तेश्रो |
| ४ | अन्य जेष्ठ | १९९८०८१२०१०१८ | पुष्कर न्योपाने | 11/24/2080 | १२००० | ४७९९ | तेश्रो |
| ७ | अन्य जेष्ठ | २००६१११२००८३३ | लाउटी कामी | 11/28/2080 | १२००० | ४२४४ | चौथो |
| ५ | अन्य जेष्ठ | २०१००१०९००८२४ | सुक माया भन्ने सुक माया थापा मगर | 11/29/2080 | १२००० | ४१३३ | चौथो |
| ५ | अन्य जेष्ठ | २००७०३०३०१६०३ | केशु माया आले मगर | 6/4/2080 | १२००० | ३४६६ | प्रथम |
| | | | | | जम्मा | ८८१९८ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८८,१९८ |

८६ **समाजिक सुरक्षा भत्ता**

सामाजिक सुरक्षा भत्ता वितरण - सामाजिक सूरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नविकरण लगत कट्टा तोकिएको मितिभित्रै परिचय पत्र अनिवार्य रुपमा नविकरण गरी सामाजिक सूरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नपर्ने, भत्ता वितरण गर्दा बैक मार्फत गर्नुपर्ने, सामाजिक सूरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था छ । पालिकाले पहिलो त्रैमासिकको वडा नं. १० वडालाई विभिन्न ५ बैङ्कबाट र दोश्रो किस्तादेखि EFT को माध्यमबाट वार्षिक रू.१४,३४,३८,३१०।२० वितरण गरेको छ ।

८७ **राजस्व प्राप्त हुन नसकेको**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) बमोजिम पालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्नसक्ने व्यवस्था छ । पालिका क्षेत्रभित्र रहेको विभिन्न परियोजनाका कार्य सञ्चालन गर्न र पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरुमा पालिका क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको निःशुल्क प्रयोग भए तापनि पालिकाले ती सामग्रीको जिल्ला दरको आधारमा भुक्तानी दिएको छ । निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पालिकाको स्रोत निःशुल्क प्रयोग गरी पालिका तथा अन्य योजना व्यवस्थापनबाट रकम भुक्तानी लिने गरे तापनि पालिकालाई सामग्रीको रोयल्टी तथा शुल्क बुझाएको देखिदैन। पालिकाको मुख्य आम्दानीको श्रोतलाई पालिकाले उचित व्यवस्थापन गर्न नसक्दा चोरी निकासी भई नेपाल सरकारलाई प्राप्त हुनुपर्ने अग्रिम कर, मूल्य अभिवृद्धि कर तथा पालिकाको राजस्व छुट भएको अवस्था छ । यस सम्बन्धमा पालिकाले विशेष पहल गरी आफ्नो क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी बढाउने तथा उपलव्ध सामग्रीको अव्यवस्थित उत्खनन, सङ्कलन तथा उपयोग स्थितिलाई व्यवस्थित बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । केही उदाहरणः

| भौ.नं.।मिति | उपभोक्ताको नाम | विवरण | परिमाण घन फिट | दर | रकम |
|---|---|---|---|---|---|
| ९३।२०८१।१।१० | मझुवा खर्कुदेखि मझुवा जोड्ने सडक निर्माण | ग्रावेल | २६८४ | ९ | २४१५८ |
| १४६।२०८१।२।७ | बाङगेबेंशी वरदान फाँट मोटरबाटो | ग्रावेल | १३२०७ | ९ | ११८८७ |
| २०१।२०८१।२।२१ | कल्पना चोक भदौरे गाउँ मोटरबाटो | ग्रावेल | १५५४ | ९ | १३९८६ |
| | | | | जम्मा | ५००३१ |

८८ **व्याज असुल नगरेको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६ को दफा २८ मा १० दिन ढिला राजस्व दाखिला गरेमाब १० प्रतिशतको दरले जरिवाना लगाई कसुरको मात्रा अनुसार विभागीय कारबाही समेत गर्नुपर्ने व्यवस्था उल्लेख छ । पालिका र वि.एस. कन्सट्रक्सनबीच मिति २०८०।०९।२ मा ठेक्का नं. ४।०८०।८१ मादी नदी स्थित पराजुली बेसी-लामाखेत खण्डमा २७०० घनमिटर ढुँगा गिट्टी र बालुवा उत्खनन सङ्कलन र बिक्री वितरणका लागि मू.अ. कर बाहेक रू.८,६१,०००।– मा सम्झौता भएको देखिन्छ । सम्झौता बमोजिम पालिकालाई ५० प्रतिशत रकम रु.४,३०,०००।– मू. अ. कर बाहेक र बाँकीको बैंक ग्यारेण्टी रु.४,३१,०००।- बुझाई ठेक्का चलाउने उल्लेख छ । सम्झौताको बुँदा नं. ३१ मा बाँकी ५० प्रतिशत मू. अ. कर बाहेक रु.४,३१,०००।– माघ २९ सम्म बुझाउनुपर्ने व्यवस्था छ । त्यसैगरी उक्त बुँदामा म्यादभित्र ठेकेदारले नगरपालिकालाई बुझाउनुपर्ने किस्ता रकम समयमा नबुझाएमा कानुन बमोजिम जरिवाना समेत बुझाउनुपर्ने उल्लेख छ । निर्माण सेवाले भ्याट, अग्रिम करको रकम र प्रथम किस्ता रकम सम्झौता गर्दाको बखत बुझाएको भए तापनि दोस्रो किस्ता रकम माघ २९ सम्ममा बुझाउनुपर्नेमा नबुझाएपछि पालिकाले मिति २०८०।१२।०९ मा बैङ्क जमानत रकम रु.४,३१,०००।- जफत गरेको छ तर सो अवधिसम्मको नियमानुसार लाग्ने ब्याज असुल गरेको देखिएन । अतः माघ २९ देखि चैत्र ९ सम्म ३९ दिन ढिला गरी दाखिला गरेकोले १० प्रतिशतका दरले हुने ब्याज रकम रु.४३,१००।- असुल गरी बैंक दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४३,१०० |

८९ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शीर्षक नं. ३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका मूल्य अभिवृद्धि कर संकलकले उठाएको मूल्य अभिवृद्धि कर संकलककै प्यान नं. बाट ३३३१४ मा दाखिला गरेको देखियो । पालिकाले कार्यालयमा प्राप्त भएको मूल्य अभिवृद्धि कर संघीय संचित कोषमा दाखिला नगरी कर संकलककै प्यान नं. मा दाखिला गरी दिँदा कर संकलकलाई

दोहोरो लाभ पुर्‍याएको देखिन आयो । यस सम्बन्धमा छानबिन गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार राजस्व शीर्षक नं. ३३३१७ मा दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने रु.

| सि. नं. | आ.व. | कर संकलकको नाम | पान नं. | वापत | सम्झौता रकम | मू.अ. कर रकम | दाखिला गरेको राजस्व शीर्षक नं. |
|---|---|---|---|---|---|---|---|
| १ | २०७९।८० | सभ्य कन्स्ट्रक्शन | ६१४२७८९५६ | गिट्टी वालुवा | १७६६००० | २२९५८० | ३३३११ |
| २ | २०७९।८० | दिप कन्स्ट्रकशन | ३०५३९८१२३ | गिट्टी वालुवा | ३३६२०० | ४२९०० | ३३३१४ |
| ३ | २०८०।८१ | तिरुपति कन्स्ट्रकशन | ६१०४२०१२८ | गिट्टी वालुवा | ४९५००० | ७१५०० | ३३३१४ |
| ५ | २०८०।८१ | वि.एस कन्स्ट्रकशन | ३०२०३२४३१ | गिट्टी वालुवा | ८६१००० | १११९३० | ३३३१४ |
| ६ | २०८०।८१ | जेनिशा एण्ड नमुना कन्स्ट्रक्शन | ६०६२३०५०६ | गिट्टी वालुवा | १५९०२०५ | २०६७२७ | ३३३१४ |
| ७ | २०८०।८१ | एडमायर कन्स्ट्रकशन | ६०६५७९५९१ | गिट्टी वालुवा | ७३५००० | ९५५५० | ३३३१४ |
| | | | | जम्मा | ५७८३४०५ | ७५८१८७ | |

पुनश्च: गत बिगत आर्थिक वर्ष पनि सोही ब्यहोरा रहेकोले जानकारी प्राप्त भएकोले यथाशिघ्र छानविन गरी संकलित मूल्य अभिवृद्धि कर संधीय संचित कोषमा दाखिला गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,५८,१८७ |

९० **आय ठेक्का नलागेको**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) मा पालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा गिट्टी बालुवा बिक्री वापत प्राप्त रकम पालिकाले संचित कोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार ढुंगा, गिट्टी, वालुवा उत्खनन संकलन क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ मा सम्बन्धित स्थानीय तहले दोस्रो पक्षसँग ढुंगा, गिट्टी, वालुवा उत्खनन ठेक्का सम्झौता गर्दा प्रदेश सरकारले तोकेको दरमा सम्झौता गरी सोही बमोजिम राजस्व संकलन गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाभित्र पर्ने मादी नदी, मिदिम खोला र रिस्ती खोला बगरको वातावरणीय प्रभाव मूल्याङ्कनमा उल्लेख भए १२ घाटहरुमा ३९८८२ घन मिटर उत्खनन गर्न सकिने उल्लेख भए अनुसार मूल्य अभिवृद्धि कर र अग्रीम कर समेत रु.१,४५,१५,४९८।५८ राजस्व संकलन हुने देखिन्छ । पालिकाले उक्त नदी र खोलाका घाटबाट ढुंगा, गिट्टी, बालुवा एवं रोडा संकलन र बिक्रीको ठेक्का बन्दोबस्तीका लागि IEE ले तोकेको परिमाणभित्र रही ३९८८२ घनमिटरको रु.३१८ दरले हुने मू.अ. कर बाहेक रु.१,२६,८२,४७६।- न्यूनतम मूल्य निर्धारण गरी प्रथम पटक मिति २०८०।६।२ मा मध्यान्न राष्ट्रिय दैनिकमा शिलबन्दी दरभाउपत्र सम्बन्धीको १५ दिने सूचना प्रकाशन गरेकोमा तोकिएको मितिमा मादी नदी पराजुली बेसी खण्ड, मिदिम खोला झोलुङ्गे पुल देउराली खोला दोभान र रिस्ती खोला समिफेदबाट चर्दी दोभान खण्ड बाहेक अन्य ९ घाटमा कुनै पनि शिलबन्दी दरपाउपत्र पेस नभएको पालिकाले जनाएको छ । प्रथम पटकको सूचनामा दरभाउपत्र पेस नभएका ९ घाट मध्ये ८ घाट (सिसा खोला खण्डको रू.२१,२८,६९२।– न्यूनतम मूल्य भएकोले) लाई पालिकाले पुनः दोस्रोपटक २०८०।६।२५ मा सूचना प्रकाशन गरेकोमा मिदिम खोलास्थित झोलुङ्गे पुलबाट मिदिम दोभानसम्मको बाहेक अन्य ७ घाटमा कुनै प्रस्ताव प्राप्त नभएको पालिकाले जानकारी दिएको छ । पालिकाले अमानतबाट राजस्व संकलन गर्न कुनै कदम समेत चालेको देखिएन । यस सम्बन्धमा पालिकाले विशेष पहल गरी आफ्नो क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी

बढाउने तथा उपलव्ध सामग्रीको अव्यवस्थित उत्खनन, सङ्कलन तथा उपयोग स्थितिलाई व्यवस्थित बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| संकलन स्थल | वार्षिक उत्खनन गर्न सकिने (घन मिटर) | प्रति घनमिटर प्राप्त हुने दर | अनुमानित राजस्व मू. अ. कर बाहेक |
|---|---|---|---|
| एक्कुघाट | १४०७ | ३१८ | ४४७२४३ |
| रामबजार कोइलेनी खण्ड | ३००० | ३१८ | ९५३६१० |
| पिस्ती दोभान खण्ड | ४३२० | ३१८ | १३७३१९८ |
| बाउँदी दोभान खण्ड | ४८०० | ३१८ | १५२५७७६ |
| रिस्ती दोभान खण्ड | १५१२ | ३१८ | ४८०६१९ |
| चर्दी दोभानबाट व्यास मार्ग रिस्तीपुल खण्ड | ९०० | ३१८ | २८६०८३ |
| देउराली खोला दोभानबाट नाल्मा फेदी खण्ड | ६२५० | ३१८ | १९८६६८८ |
| सिसाखोला घाट | ६६९४ | ३१८ | २१२७८२२ |
| जम्मा | २८८८३ | ३१८ | ९१८१०३९ |

९१ **राजस्व छुट**

आर्थिक ऐनमा उल्लेखित दरमा मात्र कर लगाउने तथा छुट दिनुपर्ने हुन्छ साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा नदीजन्य पदार्थ उत्खनन गर्न लगाएको ठेक्कामा छुटको प्रावधान उल्लेख नभएकोमा नगरपालिकाको नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नं. ७.१२ मा निर्माण व्यवसायीले एकमुष्ट अग्रिम बुझाएमा उक्त कबोल रकमको बढीमा दश प्रतिशतसम्म छुट दिने सक्ने व्यवस्था अनुसार पालिकाले ठेक्का नं. ८।०८०।८१ रिस्ती खोला-समिफेदी चर्दी दोभान खण्डको १००० घन मिटर ढुंगा, गिट्टी, वालुवा उत्खननको लागि मिति २०८०।६।२ मा कबोल अङ्कको पुरै रकम एकमुष्ट बुझाउने भएमा न्यूनतम रकम रू.३,१८,०००।– मा नघट्ने गरी कबोल अङ्कको १० प्रतिशत रकम छुट दिन सक्ने भनी बोलपत्र सूचनामा आह्वान गरेकोमा उक्त खण्डको नदीजन्य पदार्थ उत्खनन, सङ्कलन तथा निकासी गर्न तिरूपति कन्स्ट्रक्सन प्रा.लि.ले रू.५,५०,०००।– कबोल गरी बोलपत्र पेस गरेको छ । पालिका र कन्सट्रक्सनबीच सबै किस्ता एकमुष्ट बुझाउने गरी आफ्नो क्षेत्रभित्रको ढुंगा, गिट्टी, वालुवा उत्खननको ठेक्का सम्झौता गरी राजस्व संकलन गरेकोमा पालिकाले एकमुष्ट राजस्व बुझाएबापत कबोल अङ्क रू.५,५०,०००।- को १० प्रतिशतले हुने रू.५५,०००।–छुट दिई रू.४,९५,००० मा सम्झौता गरेको छ। यसरी आर्थिक ऐनमा कर छुट दिने व्यवस्था नगरी कार्यविधि र सम्झौताद्वारा छुट दिएको नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ५५,००० |

९२ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ मस्टरोलबाट बाट काम गरेको विवरण लेखापरीक्षण अवधिसम्म उलपब्ध नभएकाले यकिन हनु सकेन ।

९३ **सफ्टवेयर खरिद र परिचालन**

सार्वजनिक खरिद नियमावली 2064 को नियम 3 अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र एकिन गरी लागत अनुमान तयार गर्नपर्दछ ।पालिका भित्र संचालित दुई सफ्टवेयरहरुमा गत वर्षसम्म रु ३००००० भुक्तानी गरेकोमा यो वर्ष रु १४८८३० भुक्तानी गरेको छ। सफ्टवेयर खरिदको आवश्यक्ता यस्तो लागत अनुमान त्यसको पूर्ण

प्रयोग, उक्त सफ्टवेयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आवद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

| क्र.सं | कार्यक्रमको नाम | खरिद गरेको बर्ष | सफ्टवेयर खरिद खर्च | यो बर्षको बार्षिक मर्मत सभार खर्च | हाल सम्मको मर्मत सभार खर्च |
|---|---|---|---|---|---|
| ३४८।२०८१।२।२ | एकीकृत कर संकलन प्रणाली | | | ९११७० | |
| ५७८।२०८१।३।२० | कर्मचारी पे रोल | २०७८ | ३००००० | ६०००० | १८०००० |
| | | जम्मा | ३००००० | १५११७० | १८०००० |

९४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १० वडामा ११ योजना सञ्चालन गरी यस वर्ष ८० जनालाई औसत १०० दिनले ७२०० दिन रोजगारी उपलव्ध गराई रु. ४९५८३३७ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : मध्यनेपाल नगरपालिका, लमजुङ , मध्यनेपाल नगरपालिका , लमजुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | चण्डिका पौडेल | २०८१-१-१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Sheskanta Poudel | २०८०-६-१२ | २०८१-१-१ |
| लेखा प्रमुख | Jeevan Sharma | २०७८-१२-२१ | २०८१-१-१ |
| लेखा प्रमुख | सरोज पराजुली | २०८१-१-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,६०२,०२१ | ८,१४३,९२१ | २३,८३३,९०१ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३३,५७९,८४३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २३४,१७४ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३३,३४५,६६९ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ७४०००६४५.३५ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३८६०६५२५५.१३ | चालु खर्च | ३९६२७१४४२.८ |
| प्रदेश सरकारबाट अनुदान | १९०४७८५४ | पूँजीगत खर्च | १३१५०२९९७ |
| राजश्व बाँडफाँट | १००८३३६०४.७६ | वित्तीय/अन्य व्यवस्था | १६६१८२७१२.२४ |
| आन्तरिक आय | ३२४५५०३४.१७ | | |
| अन्य आय | १६७८८०२३८.८ | | |
| कुल आय | ७०६२८१९८६.८६ | कुल खर्च | ६९३९५७१५२.०४ |
| बाँकी मौज्दात | | ८६३२५४८०.१७ | |

## अनुसूची - २

| सि.नं | लेखापरीण | लेखापरीण गरिएका विषय |
|---|---|---|
| 1 | उपभोक्ता समितिमार्फत खरिद | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने । |
| 2 | ठेक्का व्यवस्थापन | ठेक्का तथा प्रस्ताव व्यवस्थापन |
| 3 | प्रशासनिक खर्च | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) |
| 4 | कार्यक्रम खर्च | कृषि तथा पशुतर्फ ,स्वास्थ्यतर्फ ,शिक्षा तर्फ |
| 5 | विविध | विविध खर्च |
| 6 | डि पि आर | **DPR** खर्च |
| 7 | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा |
| 8 | आन्तरिक आय | आन्तरिक आयतर्फ |
| 9 | कन्टिन्जेन्सी खर्च | कण्टिन्जेन्सी खर्च |
| 10 | सफ्टवेयर खर्च तथा मर्मत खर्च | सफ्टवेयर खरिद |
| 11 | अतिथि संस्कार खर्च | विविध खर्च |
| 12 | अन्य अन्तरसरकारी अख्तियारी खर्च | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।